विद्यालयको स्थापना प्रसङ्ग

वि. सं.२००४ मा तत्कालीन श्री ३ पद्मशमशेर जवरा पश्चिम ४ नं. नुवाकोट भ्रमण गर्ने क्रममा श्री ३ का आठ पहरीयासहित वहाँ जन्मस्थानमा आउनुभयो। श्रद्धेय पिताले श्री ३ महाराजलाई कामले खुशी तुल्याउनु भएकोले खुशीले के माग्छौ माग हुकुम गरिबक्सेछ। राष्ट्र समाज, परिवारको उत्तरदायित्व र जिम्मेवार असल भावना, बौद्धिक विचारहरू चिन्तन भएकाले शिक्षाको ज्योति छर्न ज्ञानको बीउ रोप्ने दृष्टिकोणले जन्मस्थानमा एउटा भाषा पाठशाला जाहेर गर्नु भयो । तत्कालीन फाँसिवादी समयमा पाठशाला, शिक्षा माग गर्नु भनेको राणाहरूको विरोधी अभियान बुझिन्थ्यो।

श्री ३ पद्मशमशेरले मौखिक हुकुम दिए पनि काम अगाडि बढ्न सकिरहेको थिएन। "म राष्ट्रको नोकर हूँ" भनी उद्घोषण गर्ने उदार तथा सुधारका पक्षधर थिए। सोही समयमा राणाहरू लखेटने वातावरण सिर्जना बनिराखेको थियो।

वि.सं.२००४ फागुण १८ गतेका दिन पद्मशमशेर औषधि उपचार गर्ने बहानामा भारतमा गएकाले भारतबाट नै राजीनामा पत्र पठाए। त्यतिबेला राणा शासनमा द्वन्द्व, तनाव धेरै चलिरहेको थियो । राणा शासन हटाउनुपर्दछ भनी भुसमा आगो सल्किएझैं भित्रभित्रै आगो दन्किरहेको थियो । पितृजीलाई तनाव सिर्जना भयो । राजदरवारमा डिउटी भएको कारणले मन्त्रीसँग होसियारपूर्वक सेवा र कामले खुसी बनाउने वातावरण बनाइराख्नु भएकोले विद्यालय स्थापना गर्न अनुकूल भयो । पद्मशमशेर राणाशासनको १५ औं पुस्ता थिए । वहाँको कार्यकाल अवधि वि.सं. २००२-२००५ सम्म थियो।

मोहनशमशेर

श्री ३ मोहनशमशेर प्रधानमन्त्री हुनुभन्दा अगाडि नै लक्ष्मी निवासवाट सिंहदरबारमा मोहनशमशेर सरेको हुनाले पितृजीलाई अनुकूल वातावरण बनाउन सजिलो भयो। वि.सं.२००५ मा मोहनशमशेर प्रधानमन्त्री हुने बित्तिकै पुनः पितृजीले २००५ कार्तिक ९ गते लिखित निवेदन विन्तिपत्र चढाउनुभयो । निवेदनको आधारमा काम अघि बढी कार्यान्वयनले शिक्षा, ज्ञान आर्जन गर्न ज्योति बल्यो। श्री भविष्य निर्माण विद्यालय खोल्न पुनः ढोका खुल्यो र विद्यालयको स्थापना भयो। मोहनशमशेर आफ्नो श्रीपदको समेत पर्वाह गर्ने थिएनन् । तर छोटो समयमा पनि शिक्षाको सुधार कार्यान्वयनका पाटा अघि बढ्दै गयो । वि.सं.२००५-२००८ सम्म प्रधानमन्त्रीको हैसियतमा थिए । मोहनशमशेर राणाशासनको अन्तिम प्रधानमन्त्री हुन् । एक वर्षसम्म ढिला भएका कारण प्रधानमन्त्री फेरबदल, राजनीतिक खिचातानीले गर्दा नै विद्यालय स्थापना गर्न ढिला भयो।

जस्तोसुकै सजायँ अथवा मृत्युदण्ड हुनसक्ने बिन्तीपत्र नै जीवनको अन्त्य हुने सम्भावना भएपनि जीवनको माया नमानी मानव, मातृलोकको ज्योतिको लागि अगाडि बढिरहनु भयो, विद्यालय खोलेर छोड्नुभयो।

वि.सं.२०७९ मा प्रकाशित स्मारिकाबाट प्रधानाध्यापक राजेन्द्र सापकोटा

लेख्छन्- रमेश, राजेन्द्र रानाभाटका पिताजी- स्व. टेकबहादर रानाभाटको अगुवाइमा वि.सं. २००४ मा तत्कालीन श्री ३ पद्मशमशेर जबरा पश्चिम ४ नं. नुवाकोट भ्रमण गर्ने क्रममा श्री ३ का आठ पहरियासहित जन्मस्थानमा आउनुभएको समयमा तत्कालीन वि.सं. २००४ सालमा चढाएको विन्तिपत्रले विद्यालय स्थापना भएको हो । यही सिलसिलामा पोखरा- १७ का माधव वियोगीको टिपोटबाट श्री भविष्य निर्माण माध्यमिक विद्यालय पूर्वाधार स्थापना गरेका नेपाली सेनाका लेप्टन टेकबहादुर रानाभाटले सरकारी प्रतिनिधिकहाँ गई विद्यालयका लागि वि.सं.२००५/७/९ गते पाठशाला खोल्न लिखित बिन्तीपत्र हालेका रहेछन्, सो बिन्तीपत्रको राम्रै जाँचबुझ र छलफल भएपछि विद्यालय स्थापना गर्ने आवश्यक ठाउँ छ, विद्यार्थी पनि पाइन्छन् । सबैको सहयोग पनि मिल्छ भन्ने लागेर विद्यालयमा हालेको निवेदनले स्थापना भएको हो । वार्षिक साधारणसभाको पावन अवसर पारेर यो किताबको विमोचन र विद्यालय स्थापना श्रद्धेय पिताजी टेकबहादुर रानाभाटको सङ्क्षिप्त जीवनी प्रकाशन गर्दा यस विद्यालयको, कास्कीको र शैक्षिक इतिहासका केही पाटा सुरक्षित हुन जाने महसुस गरेकी छु । अमृत जलमल गर्नुहुने सबै गुरु एवम् अग्रजहरूप्रति भावपूर्ण श्रद्धासुमन व्यक्त गर्दछु। यहाँ भाषा पाठशाला खोलेपछि विद्यालय खोल्ने सबै ठाउँमा हल्ला चल्यो । पछि वि.सं. २००७ सालमा प्रजातन्त्र प्राप्त भएपछि मुलुकभर विद्यालय खोल्ने होडबाजी चलेको थियो । राष्ट्रिय माध्यमिक विद्यालय २००६ सालमा, भद्रकाली प्राइमरी विद्यालय वि.स.२००८ मा, निर्मलपोखरी २१ मा श्री जनचेतना मा.वि.२०१३ सालमा स्थापना र सोही क्रममा विस्तारै २०१३ सालमा रामघाटमा सोल्जर्स बोर्ड स्कूल अहिलेको अमरसिंह र वि.सं. २०१४ पोखराको नदीपुरमा कन्या स्कूल खुल्यो । विस्तार विस्तारै सबै ठाउँहरूमा खुल्दै गए ।

कमल कुमार भुजेल

श्री भविष्य निर्माण माध्यामिक विद्यालयल पोखरा २१ कृस्तीको ऐतिहासिक लिखित सत्य, तथ्य प्रमाणित गरी विद्यालयका व्यवस्थापन समितिका भूपू अध्यक्ष कमलकुमार भुजेलको अगुवाइका साथै

वहाँको मातहतका सबै महानुभावहरूले छानबिन गरी पत्ता लगाएको आज सत्यताको किरणले उदायो । नहाँहरूका असल कामप्रति सराहनीय उच्च मूल्याङ्कनका साथै बधाई तथा शुभकामना व्यक्त गर्दछु । आगामी दिनहरू पनि अझै सहयोग र असल काम र शुभभावनाहरू पर्खाइमा युगौँसम्म बाँचिरहने आकाङ्क्षा बोकेको छु । श्री भविष्य निर्माण माध्यमिक विद्यालयले २०७९ को स्मारिकामा श्री श्रीबहादुर रानाभाट र नारायण रानाभाट दाजुहरूले लेखेका विचारहरू पनि पढ्ने मौका पाएँ । त्यो लेखाईले कस्तो विचार रहेछ भन्ने मूल्याङ्कन गर्ने मौका पाएँ । यस विद्यालयमा पढेर उच्च पदहरूमा पुग्ने महानुभावहरूको नाम सङ्कलन गरेर यस किताबमा समावेश गर्ने मन थियो । बुवा विनाको टुहरी छोरीले स्रोत र विभिन्न प्राविधिक कारणहरूले गर्दा नाम सङ्कलन गर्न असमर्थ भएँ, माफ गर्नुहोला ।

बुबा राजनीतिक अवस्थाहरू यस्तो किसिमको थियो भन्नुहुन्थ्यो । गाउँमा विद्यालय स्थापना भैसकेपछि वहाँ विद्यालयमा पढाइ कस्तो भैरहेछ । शिक्षक कर्मचारी छन् कि छैनन् भनेर चासो खाँचो राख्ने गर्नुहुन्थ्यो । कतिपय समयमा शिक्षक नपाउँदा राजधानीबाट शिक्षक खोज्ने काम पनि गर्नुभएको पुराना बूढापाकाहरू अहिले पनि सम्झन्छन् । वहाँले विद्यालयको भौतिक भवन निर्माणमा पनि चासो खाँचो राख्ने गरेको पुराना बूढापाकाहरू भन्ने गर्छन्, पिताजीले भन्नुहुन्थ्यो ।

सामाजिक, राजनीतिक विश्लेषण गर्दा २००७ देखि २०१५ सालसम्मको अवस्थालाई सम्झने हो भने सङ्क्रमणकाल थियो । २००७ सालको घटना र परिस्थिति प्रवृत्ति दुई कालखण्ड बीचको पहिलो समानता महत्वाकाङ्क्षाको टक्कर थियो । राणाशासनको पिंजराबाट मुक्त पाउन राजा त्रिभुवन, युवराज महेन्द्रको पनि सङ्लग्नता थियो । अर्कोतर्फ जेलनेल र निर्वासन भोगेका जनताबाट आएका महत्वाकाङ्क्षी प्रजातन्त्रका पक्षधर नेताहरू थिए । नेपाललाई कस्तो आवरणको प्रजातन्त्र उपयुक्त हुन्छ भन्ने नै विवादको केन्दविन्दु थियो । सक्रिय राजतन्त्रवाला प्रजातन्त्र अर्थात जनताको सर्वोच्चता भएको प्रजातन्त्रका पक्षमा संविधान बन्यो । २००७ को राणा शासनको अन्त्यपछि संविधान जारी गरिएको नेपालको पहिलो संविधान हो । नेपालको अन्तरिम शासन विधान २००७ चैत्र

१७ गते मन्त्रिमण्डलले पास गऱ्यो । राजा त्रिभुवन समक्ष बुझाएको २००७ चैत्र २९ गते अन्तरिम शासन बिधान राजा त्रिभुवनबाट घोषणा भई नेपालमा सर्वप्रथम व्यवहारिक एवम् वैधानिक रुपमा संवैधानिक व्यवस्थाको सुरुवात भएको थियो । धारा ७४ र ४ अनुसुची रहेको उक्त विधानमा एक सदनात्मक व्यवस्थापिका सभाको रूपमा सल्लाहकार सभा गठन भयो । अबशिष्ट अधिकार, संविधान संशोधन अधिकार तथा सङ्कटकालीन अधिकार राजामा निहित थियो । राज्य नीतिका निर्देशक सिन्द्धान्तहरू भाग २, मौलिक हकहरू, धारा १४ देखि २१ सम्म ८ वटा, पब्लिक सर्भिस कमिशन भाग ५ को धारा ६५, ग्राम पंचायत धारा ६, निर्वाचन आयोग धारा ६९ रहेको छ । बीपीसँग २००७ सालको मुक्तिसेना हुन्थ्यो भने २०१७ सालमा महेन्द्र पनि हच्किन्थे भन्ने हल्ला सुनिन्थ्यो । यथार्थमा जे जस्तो भएपनि सबैभन्दा ठूलो शत्रु गरिबी, पछौटेपन हो । पछौटेपन हटाएको त कतै कुनै उदाहरण नै छैन । गरिबी हटाउने कार्य कहिले हो ? सधैं अरूको मुख ताकेर कति दिन ? राज्यको जनता नागरिकको उच्चतम हित र राष्ट्रको विकासमा प्रयोग गर्नु भन्दा अनुचित तवरले हडप्ने चाहाना राणा र राजामा मात्र नभई जनताका निर्वाचित प्रतिनिधि हुँ भन्ने नेतामा पनि उत्तिकै मात्रा (डोज) मा कमी छैन । पिताले सुनाउनु भएको थियो - राजा स्वभावैले अधिनायकवादी थिए । आफैंले जारी गरेको संविधानभित्र पनि अटाउन सकेनन् । महेन्द्रको यस अधिनायकवादी महत्वाकाङ्क्षा पञ्चायतकालमा राष्ट्रवादका रूपमा चिनिने गरेको थियो ।

देशमा विद्यमान एकतन्त्रीय राणाशासन विरुद्ध सुरु भएको जनताको क्रान्ति २००७ फागुन ७ गते नेपालमा राणा शासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना भएको थियो । वि.सं. २००७ कार्तिकमा राजा त्रिभुवनले भारतीय दुतावासमा शरण लिँदा युवराज महेन्द्रसँगै थिए । राजा त्रिभवुनले २००७ को क्रान्तिपछि राणाहरूलाई बिदाई गर्ने क्रममा २००७ को अन्तरिम शासन विधानमा राजसंस्थाको अधिकार घटाएकोमा राजा महेन्द्रको चित्त बुझेको थिएन् । दलहरूको देशव्यापी शसस्त्र क्रान्तिपछि विभिन्न ठाउँमा राणा बडाहाकिमहरूले आत्मसमर्पण गर्दै आए । जनताको सरकार स्थापना हुँदै आयो । राजा महेन्द्रको २०१७ सालको कदमको विश्लेषण गर्दा जनक्रान्ति सेनालाई राष्ट्रिय सेनामा

गाभ्ने विषयको एक्सएन्टे विश्लेषण परिणाम थियो । श्री ५ महेन्द्र उच्चकोटीको राजानीतिज्ञ र कुटनीतिक चातुर्यता भएका दूरदर्शी राजा थिए । लोकतान्त्रिक सीमाभित्र वहाँलाई कर्मठ देशभक्त र राष्ट्रप्रेमीको राजा मान्ने सोच बलियो थियो । वि.सं. २०१५ सालको आम निर्वाचनबाट पहिला जननिर्वाचित संसद विघटन र सरकारलाई बर्खास्त गर्दै वि.सं. २०१७ साल पुष १ गते निर्दलीय पञ्चायती व्यवस्था राजा महेन्द्रले स्थापना गर्नुभएको थियो । वि.सं. २०१९ सालमा पञ्चायती व्यवस्थाको संविधान पुष १ गते नै पारेर जारी गरिबक्सेको थियो ।

पिताजीले स्वर्गवासी राजा श्री ५ वीरेन्द्र जन्मेको शुभदिन देख्न पाउनुभएको थियो । शांहवंशीय राजा वीरेन्द्रको जन्म बि.सं. २००२ साल पौष १४ गते यस धर्तीमा भव्य स्वागत गर्ने अवसर पाउनुभएको थियो । वीरेन्द्रको जन्म हुँदा पिताको राजदरवारमा डिउटी थियो । वीरेन्द्रको शुभबिवाह वि.सं. २०२६ सालमा ऐश्वर्य रानीका साथ भएको थियो । उहाँ पृथ्वीनारायण शाहका दशौँ पुस्ताका राजा हुनुहुन्थ्यो । बिवाहमा लगभग २ अर्व जति खर्च गरेर देवश्री, राजश्री ठाँटबाँठलाई लिएर छक्क पर्ने र रमाइलो मान्नै क्रम पनि धेरै चलेको थियो । बेलायतबाट चारवटा सेता घोडा नेपाल भित्रिएका थिए । नेदरल्याण्डबाट पुष्पगुच्छा, नयाँ दिल्लीबाट दुई विमानमा मिष्ठान परिकार पठाइएको थियो । आगन्तुकहरूका स्वागतार्थ जापानबाट २०० वटा मोटर (गाडी) मगाइएको थियो । नौ दिनसम्म भोज (पार्टी) चलेको थियो । वहाँहरूलाई भ्याई नभ्याई विभिन्न ठाउँहरूमा ओहोरदोहर गर्नु पर्ने हैरानीका साथै शान पनि त्यत्तिकै भएको बुवाले सुनाएको स्मरण मानसपटलमा गुन्जिराखेको छ ।

श्री ५ वीरेन्द्र विरविक्रम शाहदेवको शुभबिवाहमा उपस्थित हुने सु-अवसर प्राप्त गर्ने भाग्यमानी व्यक्ति पिता हुनुहुन्थ्यो । गम्भीर भयनाक, दर्दनाक घटनाका साथ साथै राम्रो राम्रो सु-अवसरहरू धेरै प्राप्त गर्नुभयो । धन्य प्रभू ! प्रजातान्त्रिक बिचार समाजसेवा गर्ने विचारहरूलाई उहाँले कहिले छोड्नु भएन । व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय, सामाजिक भावनाको व्यक्ति भएको हुँदा सबैको प्रिय हुनुहुन्थ्यो । राजरबारमा सेनामा जागिर भएको कारणले गर्दा आफू जान नमिलेकोले भाइखलक, भारतीय सेनाबाट अवकाश प्राप्त हवल्दार बलबहादुर

रानाभाटलाई प्रधानपञ्च हुनुपर्दछ भनेर सल्लाह (साहास) दिनुहुन्थ्यो । भारतीय सेनाबाट अवकाश हुने बित्तिकै जागिरको अनुभव सँगालेको कारणले गर्दा असल भूमिकाहरूले सञ्चालन गर्ने पूर्णता पायो । दोस्रो विश्वयुद्धमा लडेर गहकिलो वजनदार कीर्तिमान कहालीलाग्दो इतिहासबाट उठेर नेपाल नेपाली जनताको साझा राष्ट्रिय सेना जवानको रूपमा जनताको गरिमामय सेनाको जवानले समाजमा पुऱ्याएको योगदान बन्दनीय छ ।

पोखरा कास्की–२१ को शिक्षाको सुनौलो अवसर

वि.सं. २००५ कार्तिक ९ गते भाषा पाठशाला खोल्नको लागि लिखित खड्क निशाना श्री ३ मोहनशमशेरका जुनाफमा पिताले चढाउनु भएको मागपत्रले बैधानिक रूपमा विद्यालय स्थापना प्राप्त भएको स्पष्ट प्रमाण छ । पिता. टेकबहादुर रानाभाटले वि.सं. २००५/०७/०९ गते दिएको लिखित हस्ताक्षर निवेदनले स्थापना भएको श्री भविष्य निर्माण माध्यमिक विद्यालय ७६ बर्ष बितिसकेछ । जब स्मारिका छापियो विद्यालयको व्यवस्थापन समितिको डाटा अनुसार पूर्व अध्यक्ष कमलकुमार भुजेलका अगुवाइमा सत्य, तथ्य वास्तविक कुरा बाहिर आयो । रगतको नाता मात्रले आफन्त हुँदैन । सत्यतथ्य असल कर्मले मात्र महान हुनेरहेछ भनेर इतिहासले कोरेर देखाइदिएका छन् । जबसम्म विद्यालय छ तबवसम्म सुनौला पानामा गरिमामय कोरेका अक्षरले उहाँको इतिहास जिवित छ, अमर छ । अनिमात्र वर्तमान, हामीहरू छौं । स्थापना कालदेखि नै विभिन्न अग्रज अभिभावकहरूको नेतृत्व र सहयोगमा घाम, पानी अनेकौं बाधा अड्चनहरू खेपी भोक र तिर्खाको पर्वाह नगरी ऐतिहासिक पृष्ठभूमिबाट माथि उठी विद्यालय सञ्चालनका योगदानले जीवित रहेको श्री भविष्य निर्माण माध्यमिक विद्यालय हो ।

मिति २०७९ श्री भविष्य निर्माण माध्यमिक विद्यालयको स्मारिकाको ऐतिहासिक पृष्ठभूमिमा लेखापाल फणीन्द्रबहादुर थापाले लेखको डाटाबाट विद्यालयको नाममा ४८-३-२-१ जमिन रहेको छ । भवन र खेल मैदानको क्षेत्रफल ६-११-१-१ रहेको देखिन्छ । करिब ३५ रोपनी जग्गा दर्ता हुन बाँकी

छ । विद्यालयको नाममा भएको जग्गा एक मुष्ट बनाएर विद्यालयले हैकम जमाउन सकिरहेको छैन । जबसम्म यो विद्यालय छ, तबसम्म हाम्रो पूर्खाहरू र हाम्रो अस्तित्व र भविष्य छ । त्यसैले सरकारी निकायहरूले पनि पहल गरिदिन त्यतिकै आवश्यक छ । विद्यालय स्थापना भएपछि विद्यालयको रेखदेख र उचित वातवरण बनाउनुपर्दछ । वि.सं. २००९ मा पं. बाबुराम रेग्मीले शिक्षकको नियुक्ति लिएर सरूवा भएर कृस्ती २१ सो विद्यालयमा आएपछि पठनपाठनले गति लिन थाल्यो । एकल रूपमा यस विद्यालयलाई थामेर पछि शिक्षक छत्तुराम श्रेष्ठ, टेकबहादुर थापा गरी दुई जना शिक्षक भएर विद्यालय चलाउनु भएको थियो ।

विद्यालयको वार्षिक स्मारिका २०७९ मा भविष्य निर्माण माविको ऐतिहासिक पृष्ठभूमि शीर्षकमा फणिन्द्रबहादुर थापा लेख्दछन् - "यसैगरी २००९ सालदेखि २०१६ सालसम्म निर्वाहमुखी रुपमा चल्दै आएकोमा वि.सं. २०१७ सालमा यस विद्यालयलाई औपचारिक विद्यालयमा परिणत गराउनमा कोशेढुङ्गा साबित भएको इतिहासद्वारा देखिन्छ । यस विद्यालयमा अक्षयकोष स्थापनाको थालनी गराउने व्यक्तित्व श्री नारायण रानाभाटका पिता स्व. ह. बलबहादुर रानाभाटको संयोजकत्वमा गठित सेक्रेटरी समितिद्वारा वि.सं. २०१७ सालमा यस विद्यालयलाई प्राइमरी स्कूलमा परिणत गराइएको थियो । "

स्व. बलबहादुर रानाभाट

भारतीय सेनावाट अवकाश प्राप्त हबल्दार तथा भूपू प्रधानपञ्च बलबहादुर रानाभाटको संयोजकत्वमा गठित सञ्चालक समितिद्वारा वि.सं. २०१७ सालमा विद्यालय प्राइमरीमा परिणत गराउनु भएको थियो । वहाँको गतिशील छवि भूमिकाले विद्यालय अगाडि बढ्यो । सोही समयमा दाजु नारायण रानाभाटले पहिला अक्षयकोषदाता व्यक्ति भनेर किताब पढेर मात्र मैले जानकारी पाएँ । दाजु हजुरलाई मेरो तर्फबाट उच्च सम्मान सहित कृतज्ञता टक्र्याउँछु । हामीहरूले पनि जानकारी पाएको भए हाम्रो पनि कर्तव्य बोध हुने थियो । जो आज खोज्दै यहाँसम्म दौडँदै आएर यहाँहरूको छोरी, बहिनी हुने

मौका पाएँ। विं.सं. २०१७ सालदेखि २०२२ सम्म सो विद्यालय मिडिल स्कूल थियो । त्यसपछि स्व. नरबहादुर थापाले भारतमा गई विभिन्न नेपालीसँगग सहयोग रकम संकलन गरेर विद्यालयमा आर्थिक सहयोग पुऱ्याइ दुख गर्नु भएको डाटाहरू इतिहासमा सुरक्षित छन् । स्थानीय तवरमा बलबहादुर रानाभाट र सु. नरबहादुर थापा, रण बहादुर कार्की, अक्षयकोष दाता भविष्य निर्माण मा.वि.का भाइखलकका टेक बहादुर रानाभाट, हर्क बहादुर ठकुरी समकालीन व्यक्तिहरूको अविस्मरणीय भूमिका र योगदान रहेको मैले पढेर थाहा पाएँ । वि.सं.२०२२ सालमा भविष्य निर्माण माध्यमिक विद्यालयलाई मिडिल स्कूलमा पुऱ्याइ अगाडि बढाउने क्रममा सामाजिक अगुवा भू.पू. प्रधानपञ्च यामबहादुर थापा, उमानाथ उपाध्यायले स्थानीय विभिन्न तवरबाट दुख गरी धुरी, धुरीवाट रकम सङ्कलन गरेर विद्यालय स्तरवृद्धिमा विशेष भूमिका खेल्नु भएको थियो । वि.सं. २०२८ सालमा नयाँ राष्ट्रिय शिक्षा पति लागू भई श्री भविष्य माध्यिमिक विद्यालय प्र.अं. श्री इन्द्रमणि आर्चायको कार्यकालमा, रणबहादुर कार्की, काका चेतबहादुर रानाभाटको अगुवाईमा वि.सं. २०३५ सालमा मा.वि. स्वीकृति २०३६ चैत्रसम्म सञ्चालनमा आयो । जिल्ला शिक्षा कार्यालय कास्कीले पछि मा.वि. बनाउन विभिन्न अवरोधहरू खडा गरेर अनुमतिपत्र दिएन । विभिन्न वाधा अड्चनहरू खेप्न पऱ्यो । माथि कसरी उठाउने भनी चासोको विषय बन्यो । वि.सं. २०३८ सालमा ईच्छा चाहना कटौती गरी विभिन्न माध्यमबाट रकम सङ्कलन गरी उक्त प्रयासलाई पूनः सञ्चालन गरेको मेहनत सफल भयो । वि.सं. २०४१ सालदेखि एसएलसी परीक्षामा सम्मालित हुन थालेपछि २०७८ सम्ममा विद्यार्थीहरू १ हजार २ सय ५४ जना छात्र छात्राहरू एसएलसी उर्त्तीण भए । आज राष्ट्रसेवक, कोही डाक्टर, कोही इन्जिनियर र कोही सामाजिक संस्थाहरूमा आबद्ध छन् । शैक्षिक बर्ष २०८०/०८१ मा विद्यार्थीहरू ४२१ मध्ये २३३ छात्र छात्र र १८८ छात्रा रहेका छन् । शिक्षक कृष्ण रानाभाटका भनाई अनुसार यस शैक्षिक वर्षमा कास्की जिल्लाबाट एसईईमा प्रथम हुन सफल भएको छ । विद्यार्थीहरूलाई आवत जावत गर्न विद्यालयले बस किन्न सकिरहेको छैन । बस भाडामा लिएर सञ्चालन गरेको मैले देखेँ ।

वि.सं. २०३९ बाट २०४४ सम्म चेतबहादुर रानाभाटले विद्यालय

व्यवस्थापन समितिको अध्यक्ष भएर चलाउनु भएको थियो । २०४४ देखि २०५४ सम्म रण ब.कार्की अध्यक्ष पदमा रहनुभएको थियो । वि.स. २०४२ सालमा जिल्ला शिक्षा कार्यालय कास्कीको निर्देशन बमोजिम प्राइवेट टेष्ट सञ्चालन गरी सबै क्षेत्रका विद्यार्थीवाट आर्थिक सङ्कलन गर्दा विद्यालयलाई अलि राहत पुग्यो । विद्यालयको प्र.अ.मनोरथ आर्चायले २०४५ देखि २०५० सम्म विद्यालयको जिम्मेवारी सम्माल्नु भएको थियो । वि.सं. २०४८ मा लालबहादुर ठकुरीको अगुवाईमा ३ कोठे भवन निर्माण सम्पन्न भयो । वि.सं २०५४ मा रणबहादुर कार्की अध्यक्ष रहनु भएको थियो । वि.सं २०५५ मा दोपहरेका निवासीले रू. ६१,१४७। आर्थिक सहयोग गरेर विद्यालयलाई गर्नुभएको योगदान कसैले विर्सन सक्दैन । वि.सं २०५७ देखि ०७१ सम्ममा नियालेर हेर्दा विद्यालयमा सर्वाङ्गिण विकास भएको देखिन्छ । कक्षा ११ सञ्चालन गर्ने क्रममा प्र.अ. खडानन्द भण्डारी र गोविन्दप्रसाद बरालको भूमिका अहम् रहेको छ । चेतबहादुर रानाभाट, इन्द्र बहादुर कार्की, ऋषिराम गौतम, पूर्णबहादुर थापा, खड्कबहादुर हमाल, रणबहादुर कार्की, व्यवस्थापन समितिका सदस्य, प्र.अं.श्री खडानन्द भण्डारीको योगदान स्मरणीय छ ।

सु.हर्कबहादुर रानाभाट

मन्दिरमा अवस्थित सरस्वतीको प्रतिमा

वि.सं.२०६०/०६१ मा वि.व्य.स.का अध्यक्ष ऋषिराम गौतम र निर्माण समितिका अध्यक्ष पूर्णबहादुर थापालगायत सबै कार्यकारी पदाधिकारीद्वारा आमभेलाको आयोजनामा धुरी, धुरीबाट आर्थिक सङ्कलन गरी ६ कोठे

पक्की भवन निर्माण भयो । एतिहासिक र प्रशंसनीय भुपालबहादुर थापाहरूको टिमहरूलाई उच्च सम्मान छ । संस्था तथा व्यक्तिहरूको सहयोग गरी कुल लागत रु. १९,९६,४४९।६० जम्मा भएको देखिन्छ । जि.सं.२०६२।०६३ सालमा जिल्ला विकास समिति कास्कीको सहयोगमा पूर्णबहादुर थापाको अध्यक्षतामा गठित निर्माण समितिद्वारा २ कोठे पक्की भवन तपशिल बमोजिम निर्माण सम्पन्न भएको थियो । कुल लागत रू. ५,३९६२९। थियो । शौचालय निर्माण ढुकुटीबाट २ वटा सटर कोठा भवन, कम्प्युटर ल्याव बनेको थियो । वि.सं.२०६५ सालमा शिक्षा सबैको लागि कार्यक्रम अन्तर्गत सहभागितामा सु.कृष्णबहादुर थापाको अध्यक्षतामा गठित निर्माण समितिद्वारा रू. १३,१०,० ९१।- रकम सङ्कलन भयो । वि.सं. २०६७ सालमा श्री रणबहादुर कार्कीको अध्यक्षतामा रु. ७,४४९७८।- को लागतमा तीन कोठे भवन बनेको थियो । मिति २०६८ को निर्णयानुसार विद्यालयमा वि.सं. २०६९ देखि कक्षा ११-१२ (उ.मा.वि) सञ्चालन गर्ने कार्य अगाडि बढेको छ ।

विद्यालयमा पसेपछि गेटको दाहिनेतिर रहेको विद्याकी देवी सरस्वतीको मन्दिर स्थापनाले विद्यार्थीलाई शिक्षाको सदाशुभ आर्शीवार्दको बरदानले मनमन्दिरमा ज्योतिज्ञानको आभाष हुन्छ । पुर्खाहरूको स्मृतिमा अगुवा **सु. हर्कबहादुर रानाभाट**का टिमहरूले मन्दिर बनाएर पुण्यकर्म गर्नुभएकोले बधाई तथा शुभकामना । स्वयं सु. हर्कबहादुरले आफ्ना पिता जयबहादुरको पुण्य स्मृतिमा सरस्वती मन्दिर निर्माणका लागि १ लाख १ सय रुपैयाँ दान गर्नुभएको शिलालेखमा उल्लेख छ ।

२०७९ को स्मारिकामा उल्लेख भएअनुसार आर्थिक गतिविधिमा मिति २०७९ आषाढ मसान्त सम्म विद्यालय खातामा विभिन्न बैंक र सहकारी खातामा जम्मा रू. ४९,२६,०५२।१६ देखियो । विद्यालयमा गत २०७४ साल देखि कक्षा १० को लागि एसईई छात्रावास सञ्चालन हुँदैछ । आगामी दिनमा यसरी नै अगाडि बढ्नेछ । प्राविधिक विषय सञ्चालन गरी समस्त दिगो बिकास तथा जीवन उपयोगी शिक्षा दिनको निम्ति विद्यालयले सहकार्य गरी कार्ययोजना निर्माण समयको माग भएकोले विकासको लागि राष्ट्र, सरकारी निकायदेखि स्थानीय सङ्घ, संस्था, आमासमूह विभिन्न समूह लगायतसँग आत्मसात् गरी

अगाडि बढनुपर्ने मैले देखेकी छु। शिक्षा सुधारे सकल सुधार हुन्छ।

संस्थापक पिताजी टेकबहादुर रानाभाटका :

नेतृत्वमा खुलेको भविष्य निर्माण माध्यमिक विद्यालयमा जग्गादाता स्व. प्रेमबहादुर कार्कीले भूमिदान दिएको अमूल्य उपहार थियो । वहाँप्रति उच्च सम्मानसहित नमन ट्क्रयाँउछु । विद्यालयमा हालसम्म निम्नलिखित प्र.अ., भूतपूर्व प्रधानाध्यापकहरू, स्व. मेघराज पराजुली, स्व. बाबुराम रेग्मी, स्व. ओमबहादुर थापा, स्व. डम्बरकान्त, स्व. टेकबहादुर थापा । लेखनाथ शर्मा, इन्द्रमणि आचार्य, मनोरथ आचार्य, दामोदर शर्मा पराजुली, बोधराज भट्टराई, खडानन्द भण्डारी, गोबिन्दप्रसाद बराल हुनुहुन्छ।

हाल सम्मका समिति र वि.व्य.स.का अध्यक्षहरू :

स्व.हबल्दार बलबहादुर रानाभाट, स्व.अर्जुनबहादुर थापा, जि.मु.स्व. मानबहादुर थापा क्षेत्री, स्व.नरबहादुर थापा, स्व.हर्मबहादुर ठकुरी, स्व.उमनाथ उपाध्याय, स्व.यमबहादुर थापा, रणबहादुर कार्की, स्व.चेतबहादुर रानाभाट, खड्गबहादुर हमाल ठकुरी, स्व.इन्द्रबहादुर कार्की, ऋषिराम गौतम, पूर्णबहादुर थापा, खडानन्द भण्डारी, कमलकुमार भुजेल, हुनुहुन्छ।

भु.पू.विद्याथी मन्च

अध्यक्षः अजय कार्की, दीपेन्द्रराज आचार्य, सूर्यबहादुर रानाभाट, राजेन्द्रबहादुर थापा, नागेन्द्रप्रसाद पोख्रेल, गुरुप्रसाद सुवेदी, नवराज सुवेदी, हीरादेवी पोखरेल, रामबहादुर थापा, लालबहादुर ठकुरी, यज्ञप्रसाद भण्डारी, डम्मरबहादुर कुँवर, मुक्तिबहादुर कँवर, विमला थापा क्षत्री, गीता थापा रहेका छन् ।

बर्तमान शिक्षक अभिभावक सङ्घ (स्मारिका २०७९):

अध्यक्ष हरिबहादुर खत्री, रिता ठकुरी, कल्पना रानाभाट, कल्पना पोखरेल, ईश्वर शाही, कौशिला थापा, अनिलप्रसाद अधिकारी, झलकबहादुर थापा, निरू भण्डारी, कमलकुमार भुजेल, राजेन्द्र सापकोटा, जमुना पौडेल रहेकाछन् । श्री भविष्य माध्यमिक निर्माण विद्यालयमा २००४ सालदेखि हालसम्म हजारौं

प्रसङ्ग श्री रामज्योति विद्यालय

श्रद्धेय पिताजीले शिक्षाको ज्योतिले गाउँ उज्याँलो बनाउनु पर्दछ भनी गण्डकी प्रदेश, कास्की पोखरा महानगरपालिका -२६, लेखनाथमा रामज्योति विद्यालय स्थापना गर्नुपर्दछ भनी सुझाव राख्नुभयो । सोही ठाउँका सबै जना मिलेर वि.सं. २०३७ सालमा श्री रामज्योती विद्यालय स्थापना भयो । रामज्योती विद्यालयको क्षेत्रफल अनुमानित २५ रोपनी जति छ । तर जग्गा दर्ता हुन सकेको छैन । कतिपय ठाउँमा जग्गा दर्ता हुन नसक्नुका कारणले गर्दा विद्यालयको दयनीय अवस्था छ । भोलिका दिनमा कठिन अवस्था सृजना हुन सक्छ । सरकारी निकायले ध्यान दिन अति जरुरी छ । बौद्धिक विचार, विवेक आर्थिक र श्रमदान गरी सामाजिक कार्यमा उहाँको हातमाथि थियो । अहिले सोही स्कूलमा भाइ रमेश रानाभाट अध्यक्ष भई कार्य सम्पादन गरेका छन् ।

महानुभावले आफ्ना इच्छा चाहाना, गाँस काटी, रगत र पसिनाले सहयोग गरेर विद्यालयको शैक्षिक खर्चमा गर्नुभएको पावन पुण्य मान्नुपर्दछ । यस क्षेत्रको आजसम्मका सङ्घ, संस्था, शिक्षाप्रेमी, विद्यालयका विभिन्न समितिमा रहेर योगदान गर्नुभएका महानुभाव, सामाजिक कार्यकर्ता जनप्रतिनिधि भू.पू प्र.अ. तथा शिक्षक, भूपू विद्यार्थी, अभिभावकको योगदानले उच्च मूल्याङ्कन गर्दा आजको अवस्थामा सङ्लग्न भूतपूर्व विद्यार्थीहरूको अझै बढी सहयोग र सद्भावनाबाट भविष्यमा शिक्षाको प्राविधिक प्रगति उचाइमा पुग्नेछ भन्ने मैले विश्वास लिएकी छु ।

जन्म, बाल्यकाल र युवावस्था

श्रद्धेय पिता टेकबहादुर रानाभाटको जन्म पिता डम्वरसिंह रानाभाट र माता कौशिला रानाभाटको गर्भवाट वि.सं.१९७४ बैशाष १९ गते सोमवार बिहान चार (४) बजे उदयमान नक्षत्र पहिलो पुत्ररत्न माणिकको रूपमा जन्म भएको थियो।

कृस्ती नाच्चेचौर महानगरपालिका वडा.नं २१ भाटगाउँमा जन्म र न्वारनको नामले सिंह राशीका, कर्मादी, लालनपालन पोषण भएको थियो। उहाँका एक दिदी चन्द्रकला रानाभाट दुई भाइहरू नरबहादुर रानाभाट, चेतबहादुर रानाभाट। दुइबहिनीहरू शिवकला रानाभाट, विष्णुकला रानाभाट हुनुहुन्थ्यो। उहाँहरू छैठौ पुस्ताको हुनुहुन्थ्यो।

संस्कार शिष्टता र विनम्रता स्वाभिमान वंशानुगत गुण मानिन्छ। पारिवारिक वातावरणको प्रतिफल, व्यक्ति स्वयम् प्राकृतिक ऊर्जाशक्ति चतुर तृष्ण बुद्धि भगवानले दिएको उपहार हो। देवत्वका गुणहरू सबैमा हुँदैन। वहाँमा देवत्वका लक्षण थिए। बाल्यकालदेखि नै खेलकुद, घुमफिर गर्न साथीहरूसँग हिँड्न मन पराउने, किताबहरू पढ्न लेख्न खोज्ने जोश जाँगरिलो हँसमुखी स्वभाव। बाँसको सुप्लोमा बाँसको कलम कापी बनाएर क, ख लेख्ने बानी हजुरबाबाले ॐ को सुरुआतबाट गर्नुभएको थियो। बाल्यकाल अवस्थामा माता पिता र दिदीको स्मरणको रेखदेखमा बिताएको हुनाले बाल्यकाल अनुकूल वातावरण पाउनु भएको थियो। व्यवहारमा आउने रकम, कलम, अड्डा अदालत सम्बन्धी प्रयोग हुन आउने प्रचलित सरकारी नियम कानुन सम्बन्धी ज्ञान भएकाक दिदी भाइहरू, बहिनीहरूलाई आड, भरोसा हुने थियो। हुने बिरुवाको चिल्लो पात झैं सानै बालक भएपनि गम्भीरता, धीरता, स्मरणशक्ति तीक्ष्ण थियो। पितावाट अक्षरारम्भको अमरकोष लघुकौमुदी, व्याकरण अध्ययन गर्न लगाइएको थियो। ठूलो छोरा भएको हुनाले वहाँले विशेष महत्व, सुविधा बाल्यकालमा पाउनु भएको थियो। बाल्यकालमा मिठो घतलाग्दो बोली, बाल्यावस्थाको तोते, तोते

शब्दले, बूढा बूढीको जस्तो तर्कयुक्त कुराहरूले सबैलाई चकित पार्दथ्यो । मानवीय सभ्यताको विकासक्रमसँग समय सापेक्षिक सामाजिक परिवेश अनुसार दिनप्रतिदिन बढ्दो उमेरको क्रममा घरमा नै गुरु राखेर सबै छोराछोरीहरूलाई शिक्षा हासिल गरेर ज्ञानको ज्योति पिता डम्मरबहादुर रानाभाट हजुर बुवाले दिनुभएको थियो । श्रीनाथ गणमा जागिरे भएको कारणले गर्दा वहाँलाई गाउँका सबैले श्रीनाथ भन्ने गरेका थिए । सामाजिक पारिवारिक मूल्य मान्यतामा जग्गा जमिन र आर्थिक अवस्था साधारण नै भएकोले पारिवारिक आवश्यकता परि पूर्तिमा सुख दुख पारिवारिक पृष्ठभूमि सामान्य थियो । गुरुलाई तलव भनेको चामल घ्यू, तेलले चित्त बुझाउनुपर्थ्यो । स्कूल, साधन स्रोत नभएको र प्राविधिक कारणले गर्दा औपचारिक शिक्षा लिन नसकेको सुनाउनु हुन्थ्यो । ठूलो छोरा भएको कारणले गर्दा विस्तारै माता पिता भाइ बहिनीहरूको जिम्मेवारी बहन गर्ने कर्तव्य बोध भयो । पढ्न, लेख्न, खेल्न, कुद्न चित्रहरू बनाउन मन पराउने सौखिन व्यक्ति हुनुहुन्थ्यो । मातापिता, आफूभन्दा माथिका सबै मान्यजनलाई आत्मासात् सम्मान गर्ने बानी थियो । भाइबहिनीहरू सानोलाई लगाव लगाउने जिम्मेवार कर्तव्य सोच थियो । सफा सुग्घर, स्मार्ट भएर हिँड्ने, समय खेर नफाली एक छिन हात खाली नराख्ने बानी थियो । नयाँ नयाँ बिषयको खोज तलास

बुबाको जन्मघर ।

गर्ने र तर्कयुक्त कुरा गर्ने, काम गर्न गयो भने पहिलानै काम सकाएर, साथीसँग सुनाखरी, गुराँस र रजनीगन्धा फूल फूलेको पाखा पखेरामा पातको सुसेली हाल्दै साथीहरूसगँ गलामागला, हातमाहातको माला गाँसेर कहिले दोहपरे, कहिले बेंसी, साथीभाइहरूसँग हिँड्न मन पराउने चतुर स्वभावको हुनुहुन्थ्यो । साथीहरूसँग मिठो बोल्ने, सही स्पष्ट बोल्ने, हक्की स्वभावको दया, परोपकार छिमेकी इष्टमित्रप्रति गहिरो प्रेमभाव राख्ने, न्यायिक भद्र व्यक्तित्व हुनुहुन्थ्यो ।

वहाँका समकालीन मित्र स्वर्गीय महान् आत्माहरू समाजमा यस प्रकारको हुनुहुन्थ्यो : जयबहादुर खत्री, रणबहादुर कार्की, तिलक थापा, मालगिरिका कार्की-बाजे, यमबहादर थापा, केदारनाथ पौडेल, मणिलाल गुरुङ, ज्ञानबहादुर खत्री, थिरबहादुर ठकुरी, यमबहादुर थापा, दोपहरेका ईश्वरीप्रसाद सुवेदी, राम्दीका जि.मु तिलक थापा, चेतभक्त सुवेदी, टेकबहादुर थापा, नर ब.कार्की, कर्णश्वर, केशव, मनीराम सुवेदी, तीर्थराज सुवेदी समकालीन मिलनसार साथीहरू निर्मलपोखरी २१ मैदानमुनिका वासिन्दा ९३ वर्षका उमानाथ भण्डारीको भनाइ थियो । आइतसिंह भुजेल लगायत अरु सहयोगी भाइहरू थिए ।

प्रेरणा र प्रभाव

शिक्षाप्रेमी बुबा टेकबहादुरलाई सामाजिक परिवेशमा माता, पिता, दिदी र गुरुको प्रेरणा थियो । पछि काम गर्ने तरिका शाही सैनिक अफिसियल जस्तै थियो । तुरुन्त आज्ञापालन गरिहाल्नु पर्ने, नाइ भन्ने वहाँको शव्दकोषमा नै थिएन । सामाजिक प्रेरणादायिक परिवेश भेदभावपूर्णरहित हामी सबै एकै हौं भन्ने थियो । मानव जातिलाई सबैलाई माया गर्नुपर्दछ भन्ने मानवीय स्वभाव थियो । जातभावको भिन्नता राख्नु हुन्थेन । दोस्रो विश्वयुद्धको कहालीलाग्दो अनुभव र शाहीसेनाको नीति निर्देशन, राणकालीनको दवावीय वातावरण, अन्यौलपूर्ण राजनीतिक अस्थिरता र त्यसबाट समाजमा परेका असरहरू थुपै ज्ञानहरू बटुल्नु भएको थियो । दुखी, गरीबहरूको दिन कहिले नआउने देखेर दयालु भावपूर्ण सङ्कल्पहरू नसा-नसामा सञ्चार हुन्थ्यो ।

समाजसेवी पिताले सबैमा शिक्षाको ज्योति फैलियोस्, न्यूनवर्ग समाजलाई शिक्षाको माध्यमवाट माथि उकास्ने, शिक्षा भएपछि भोकै र शोकले मर्नुपर्देन । शिक्षाको ज्ञानले देशको विकास हुन्छ । नयाँ, नयाँ अवधारणको विकास प्रगतिले जन्म लिन्छ । देशको प्रगति ऊर्जाशील जनता हुन्छन् । राम्रो कर्मको प्रार्थना गरेर आफू सक्षम हुनुपर्दछ । शिक्षा, ज्ञान, नैतिकवान, कर्मवान ऊर्जाशील भएर मात्र अरूलाई समर्पण गर्न सकिन्छ भन्नै देवत्वज्ञान थियो । शिक्षा सुधारे सकल सुधिन्छ । मनमा किरण बल्छ, किरणले पृथ्वीलाई नै उज्यालो दिन्छ । राजनीतिक रूपमा मान्नुहुन्थ्यो राजासहितको प्रजातन्त्र । श्री ५ त्रिभुवनलाई मन पराउनु हुन्थ्यो । देश जनताको अवस्थालाई नियालेर हेर्ने, त्यसमा सुधार हुनुपर्दछ भन्ने राजनैतिक दूरदर्शी बिचार भएका देशभक्त, महान व्यक्ति हुनुहुन्थ्यो ।

पूर्वीय आध्यात्मिक संस्कारद्धारा, अनुप्रेरित, परिवारमा जन्मनुभएका जीवनदर्शन पूर्वीय संस्कृतिसँग मिल्दोजुल्दो थियो । फलाम घोटेर बन्चरो

बनाउने कर्म गरेर जीवन सबैको लागि उपयोगी बनाउन जन्मेको सार्थक मानव जीवन हो । सक्षम र राम्रो कर्म, दृढ विचार जस्तोसुकै हावा, तुफान आउँदा पनि नडगमगाई लक्ष्यमा पुग्ने कर्ममा विश्वास मान्ने सच्चा, मानवीय सेवामा समर्पित सिपाही, जेहन्दार, जीवन दर्शन महान विचार र कर्म हो भनेर सुनाउनु हुन्थ्यो । कायर हुनुभन्दा मर्नु बेश, नेपाली सेनाको आर्दश वाक्य थियो । ठूलाठूला दार्शनिक आर्दश भगवान् "रामचन्द्र र महात्मा गौतबुद्ध," महात्मा गान्धी, शेक्सपियर, भृकुटी, सीता, गार्गीजस्ता नारीहरूको अनुकरण गरेर विशेष श्रद्धा राख्नुहुन्थ्यो ।

संस्कार: सांस्कृतिक भावना र सामाजिक स्थिति भूगोलभित्र रहने समुदाय हो । गल्ति, कमजोरी कामलाई निर्मुल पार्ने असल आचरण अनुशरणलाई लिने गर्नुहुन्थ्यो । लोक संस्कारहरू मालश्री, भजन कीर्तन, आरति, नाच, रत्यौली पञ्चेबाजाका नाच, देउसी, भैलो मोहनी नाँच आदि । लोक देवता, बराह, मष्टो, रुमाल, झाक्री, भूमे, भयँर, गैडु, देवी देवताहरू आदि पर्दछन् ।

पिताजी टेकबहादुर रानाभाटका पुख्र्यौली जिजुहरू डोटीको अछामको मंगलसेन, जुम्लावाट कास्की कोटमा आई बसोवास गरेका थिए । कास्कीकोटबाट भागी भाटका नाति आने रानाभाटका माहिलो छोरा श्रीराम रानाभाट वि.सं. १८६३ मा कृस्तीमा आउनु भएको थियो । श्री भविष्य निर्माण माध्यमिक विद्यालयभन्दा तल सिमलचौर रानाभाट बस्ती गाउँ छ । पुर्खाहरू उत्पतिको गहिराईमा हेर्दै गर्दा, तथ्यहरू ककेशसमुलको खसआर्य नश्ल भित्रको मानिन्छ । यो जाती शुरवीर राष्ट्रिय चेतना, असीमित राज्य सत्ताको अभ्यास, पौरख स्वावलम्वी जाति मानिन्छ ।

नेपाल राज्य सृजना हुनुपूर्व राज्यको लागि आवश्यक योगदान बौद्धिक किसिमले राज्यलाई योगदान गरिरहेको इतिहासमा थुप्रै प्रमाण छन् । यो जात काम गरेर खुशी तुल्याँउने जात हो । भट्टः योद्धा लडाकु र सिपाही पहलवान भट्ट १) लडाकु २) स्वामित्व प्रमुख ३) ब्राह्मण जातिको एक थर ४) भट्टमास ६) लिच्छविकालीन प्रशासनमा सेनालाई बुझाउने शब्द पेज (९३७) संस्कृत कोशकार वामन शिवराम भाटेको संस्कृत अग्रेजी शव्दकोषको पृष्ठ ९९ मा

उल्लेख भएअनुसार भाट शव्द सम्बन्ध "भट्ट" बाट सापटी भएको देखाइएको पाइन्छ। भाटको काम हरेक क्षेत्रमा सहयोग गर्ने जातीय संस्कार, चारैतिर रक्षा तथा हेरचाह गर्ने हुन्छ। चौतर्फी रेखदेखे गर्ने बिषेशता हो।

गोत्र भरद्धाज (सुवेदी पदको) जिजुका पालामा मूलथलो कुमाउँ गडुवालबाट डोटीको निरौलीमा डोटीको राजाको रखबारी अङ्गरक्षक भएर राम्रो आड पाएर बसेका इतिहासमा उल्लेख छ। डोटीको निरौलीमा बस्दा बस्दै एक भाइ त्यहाँबाट अछामको मङ्गलसेन, अछामी राजाको रखबारी गर्ने अङ्गरक्षकको रुपमा रहेको बेला त्यहाँका राजाले बसोवास गर्न दिएको ठाउँलाई भाटवडा भन्न थाले। शाह राजाको पालामा एक भाइ छिम्का नदी (सिन्जाखोला) छेउमा गएकोले त्यहाँ पुगेर केही दिन दिदीकोमा बस्न थाले। पछि बझाङ राज्यको सुवेडा भन्नै ठाउँमा बस्न गए। डोटीको राजाको अङ्गरक्षकको सन्तान डोटीवाट आएको छ भन्ने थाहा पाएपछि बझाङ्गी राजा र डोटेली राजाको बीचमा सम्बन्ध राम्रो थिएन। यही कारणले गर्दा भागी रानाभाटलाई राम्रो ठाँउमा बसोवास गर्नै दिएनन्। पछि सुवेडामा बसोवास गरेको हुनाले र शुद्धबेद अध्ययन, शुद्धबेदी बाचन गर्दा गर्दै सुवेदी रहन गएको हो। कास्कीका शाहावंशीय राजाको खड्का अङ्गरक्षकले राजाको केही कुराको चित्त नबुझेकोले त्यहाँबाट निकालिदिए। पद खाली भयो। पद खाली भएको बेलामा भागी भाट डोटेली राजाको रखबारी अङ्गरक्षक नै काम गरेको भन्नै थाहा पाई अङ्गरक्षक बहाली गरिदिए। कास्कीको ठूली पोखरी दक्षिणतर्फको काफल गौंडी भन्नै ठाउँमा बसोबास गर्नका लागि आदेश दिएका थिए। यसरी कास्कीमा भारद्धाज गोत्र सुवेदी पदका भाटहरूले बसोवासको सुरुआत भएको हो।

रानाभाट आर्य तथा खस समुदायको उत्पति जन्मस्थल नामबाट पेशासंग सम्बन्धित छ। कामको आधारमा प्रदान गरिएको उपाधि बोधक थरहरू, राजभण्डारी, राना, भट्ट राणाहरू दरबारिया पदवीबाट रहन गयो। यसै गरी थरको उत्पत्ति घटना, कुल, आस्था मान्यता, समुदाय तथा अध्ययन सम्बन्धीबाट प्राप्त भएको हो। ४८ थरिका भाट जाती रहेका छन् भनेर बुवाले भन्नुभएको थियो। संसारको विकसित प्राचीन सम्यताको इतिहास पल्टाँउदा वेदमा सूर्य, उष, वरुण,

ईन्द्र, वायुजस्ता प्रसिद्ध देवताहरूको उल्लेख भएको पाइन्छ । प्राचीन सभ्यताहरू वेद, उपनिषद् पुराण, कर्मकाण्ड, महात्म्यका आधारमा विकसित भएको पाइन्छ। यिनै स्मृतिले हाम्रो हिन्दु समाजलाई शाश्वत रूपमा मार्ग निर्देशन गरेका छ।

धर्म, तत्व निहित महामय अर्थात् धर्मको तत्व गहन हुन्छ। पूर्वजहरूको जे जस्तो नियम र आर्दश अपनाए, राम्रो कामलाई नै जीवन हो भनी सार्थक बनाइ पूर्खाहरू जानुभयो । राम्रो कार्यहरूको मात्र पोजेटिभ अनुशरण गर्नुपर्दछ । ईश्वरमाथि मात्र विश्वास राखी पूजापाठ गरी भगवान्को स्तुतिले मात्र केही हुँदैन। दश नङ्ग्रा खियाएर काम गर्नु पर्दछ, यही हो ईश्वरीय बरदान भनेर पाठ पढाउनु हुन्थ्यो। विभिन्न धार्मिक चार्डपर्वहरूमा दशैं, तिहार, कोजाग्रत पूर्णिमा मातातीर्थ औँसी, जनैपूर्णिमा, तिज, कृष्ण जन्माष्टमी, हरिवोधनी एकादशी, पौषपन्ध्र, माघे संक्रान्ति, रामनवमीमा, कूल देवताको पूजा विधिवत तरिकाले गर्नुहुन्थ्यो। उहाँको कूल देवता दारेमष्टो भएकोले बलि चढ्ने गरेको छ। मूल प्रसाद मन्दिरमा नै पकाएर सबैलाई बडो श्रद्धाका साथ खुवाउने गर्नुहुन्थ्यो। कुल नफुटाउने हिसाबले पवित्रस्थान कास्कीकोटमा गएर जेष्ठ पूर्णिमाको दिनमा कुलपूजा गर्नुहुन्थ्यो त्यसैले पनि कास्कीकोटका सबैजनासँग गहिरो सद्भाव, मायाप्रेम थियो।

जागिरको पृष्ठभूमि

वि.सं. १९९५ मा पहिलो घामको किरणसँगै पूर्वदिशाको निर्देशन गरी घरवाट लगभग २१० किलोमिटर पैदलयात्राको सफरमा "राष्ट्रिय विभूति गौतमबुद्ध" निस्केझै घरवाट कसैलाई नभनी निस्कनु भयो । तत्कालीन काठमाडौलाई मात्र नेपाल भन्ने चलन थियो । कृस्ती नाच्नेचौरबाट हिँडेर सातदिनमा काठमाडौ पुग्नुभएछ ।

पिता टेकबहादुरको अग्लाई : फिट, ५ फिट ७ इन्च, हाइट ५५ के.जी., छाती ३४ इन्च, गहुँगोरो, हँसमुखी जीउडाल मिलेको । वि.सं. १९९५ मा काठमाडौमा पुगी नेपालीसेना गोरखनाथ पल्टनमा भर्ना हुनुभएछ । सो समयमा व्यारेक भवन थिएन । खुल्ला आकाशमुनि टुँडिखेलमा भेला भएर, सेनाको घन्टी बजेपछि हाजिर हुन जानुपर्ने रहेछ । कडा तालिमको अनुभव र नियमको पालना गर्दै सरकारको सिन्दुर पहिरिई जीवन अनुशासन पालनामा उमङ्गका साथ नेपाली सेनाको यात्रा तय गर्नुभएको रहेछ । त्यतिबेलाको तलव स्केल रु. बाह्र (१२।-) रुपैयाँ थियो । वि.सं. १८१९ मा राजा पृथ्वीनारायण शाहबाट नेपाल एकीकरणको क्रमसँगै ५ वटा कम्पनीहरू खडा गरी आधुनिक नेपाली सेनाको गठन प्रक्रिया शुरू भएको थियो । विभिन्न ऐतिहासिक कालखण्डमा नेपाली सेनाले नेपाल र नेपालीको अस्तित्व, पहिचान राष्ट्रिय स्वाभिमान र रक्षाको लागि नेपाल अङ्ग्रेज युद्ध, नेपाल, भोटयुद्ध पहिलो र दोस्रो विश्वयुद्ध लडेको ऐतिहासिक तथ्य छ । विभिन्न कालखण्डमा भएको संरचनात्मक परि र्वतन भै सबै क्षेत्रमा तैनाथ रहेको छ । आन्तरिक सुरक्षा, विपद् व्यवस्थापन, विकास निर्माण, प्रकृति संरक्षण मुलुकको महत्वपूर्ण संरचना तथा अति विशिष्ट व्यक्तित्वको सुरक्षा एवं संयुक्त राष्ट्रसङ्घको आव्हानअनुसार विभिन्न देशमा शान्ति स्थापनाजस्ता कार्यहरूमा सङ्लग्न रहँदै आएको छ ।

दोस्रो विश्वयुद्धमा (सेप्टेम्बर १९३९ देखि १९४५२ सेप्टेम्बरसम्म) दोस्रो विश्वयुद्धको घमासन महायुद्धमा नेपाललाई हतियार बनाइ लैजाने तयारीमा घोषणा गरेको थियो । तत्कालीन अङ्ग्रेज सरकार (British East India Company) को आव्हानमा राणा सरकारले बेलायत सेनालाई सघाउनका लागि नेपाली सेना जापान र जर्मनी विरुद्धको युद्धमा भारत हुँदै बर्मा (म्यानमार) सम्मको युद्धको कठिन कहालीलाग्दो यात्रामा नेपालीहरूलाई प्रयोगमा लिएको थियो । राणा प्रधानमन्त्री वीरशमशेर र चन्द्रशमसेरले सत्ता जोगाउन नेपाली सेनालाई अङ्ग्रेज सरकारको युद्धमा होमिन नौजवान सेनालाई कहालीलाग्दो रणभूमिमा समर्पण गरेको थियो । अटेर गरेमा कडा कार्बाही गर्न चन्द्रशमशेरको हुकुम थियो । सन् १९३९ सेप्टेम्वर ४ का दिन जुद्धशमशेरले टुँडिखेलमा गई ४०० जना नेपाली फौजको एक एक गरी निरीक्षण गरेका थिए । २५० जनालाई विभिन्न शारीरिक कारणवाट अयोग्य ठहरिए । विभिन्न प्रलोभन दिई जर्वजस्ती पनि भारत पठाइ गोर्खा फौजमा भर्ना गर्न लगायो । विदा मनाइ राखेका फौजहरूलाई पनि गोर्खा फौजका आफ्नो पल्टनमा हाजिर हुन जान आदेश थिए ।

त्यसपछि सोझै ब्रिटिश दुतावासमा गई आफूले फौज पठाउन सबै वन्दोवस्त गरिसकेको कुरा जानकारी दिए । नेपाली फौजले नियम पालन गर्नुपर्ने शर्तवारेमा केही हप्ता ब्रिटिश दूतावाससगँ छलफल भयो । वि.सं. १९९६ फाल्गुण २२ गते नेपाली फौज विदाइको लागि टुँडिखेलमा जम्मा भए ।



प्रधानमन्त्री जुद्धशम्शेरले अफिसरहरूलाई फूलको माला लगाएर सिपाहीलाई सिन्दुर अक्षताको टीका लगाइ फूल र एक एक वटा आँप सगुनसमेत दिई विदाइ गरे । सेप्टेम्बर महिनाको अन्ततिर दुवै पक्षलाई मान्य हुने सर्तमा नियम तयार गरेका थिए । सो दस्तावेज अनुसार नेपाली फौंज भारत पुग्ने वित्तिकै अङ्ग्रेजले आवश्यक पर्ने हातहतियार बन्दोबस्त गरे । त्यही अनुसार नेपाली फौजलाई उत्तर पश्चिम सीमान्त प्रान्तका साथै भारतका अन्य ठाँउमा पठाउन सकिने तर समुद्रपार नपठाउने व्यवस्था गरिएको थियो । नेपाली फौज भारत पुग्ने बित्तिकै अङ्ग्रेजले आवश्यक पर्ने सामान सरकारले दिने वन्दोवस्त गरेकाथिए । आफूलाई चाहिने सानो तिनो हातहतियार पिक, घन, कोदालो, बन्चरो लैजान पाउने व्यवस्था थियो । कसैले सैनिक अपराध गरे नेपालको कानून बमोजिम नेपाली अफिसरले दण्डको लागि नेपाल फर्काउने र नेपाली फौजलाई भारतीय कानून बमोजिम उल्लङ्घन गरेमा अदालतद्वारा दण्ड दिइने कडा नियम बनाएका थिए । चन्द्रशम्शेरले नेतृत्व गरेको नेपाली फौजको पहिलो ब्रिगेडमा कर्णेल नमर्दन थापाले सैनिक सचिवका रूपमा, मेजर कप्तान रेफप्रशाद शाहले ब्रिगेड मेजरको रूपमा र कप्तान क्षेत्रविक्रम राणाले ए.डी.सी को रूपमा काम गरेका थिए भने एकराज शम्शेरले नेतृत्व गरेका थिए । दोस्रो ब्रिगेडमा लेफ्टिनेन्ट कर्णेल निरसिंह रायमाझीले सैनिक सचिवका रूपमा काम गरेका थिए । ब्रम्ह शम्शेरको नेतृत्वमा रहेको ब्रिगेडलाई अवोटावादमा राखियो । जहाँवाट पछि यी वटालियनलाई सुरक्षा कार्यको लागि विभिन्न स्थानमा पठाइएको थियो ।



नेपाली म्रोह पल्टन फौजलाई समावेश गरिएको थियो । पल्टनहरूको नाम, ठाउँ र तोकिएको स्थान निम्नानुसारको थियो ।

नाम	ठाउँ
कालीवक्स -	देहरादुन
श्रीनाथ	नौसेरा
सूर्यदल -	जवरव जँग ,,
नयाँ गोरखनाथ-	बर्मा
शम्मसेरदल	कलकत्ता
वर्दबहादुर	बर्मा
शेरा	बर्मा
कालीबहादुर -	बर्मा
देवीदत्त	विभिन्न ठाउँ
महीन्द्रदल -	बर्मा
भैरवनाथ	खैवर घाँटी
दोस्रो रैफल थल (कोहारा)	
जङ्गनाथ	वर्मा

भैरुङ - थल पुरानो गोरखनाथ विभिन्न ठाउँमा तैनाथ गरिएको थियो ।

नेपाल र ब्रिटेनका वीच भएको आन्तरिक सन्धिअनुसार नेपाली सैनिक दोस्रो विश्वयुद्धमा परिचालन गरियो । ती मध्ये कमान्डर इन चिफ किरणसम्शेर राणा थिए । पूर्व कमान्डर इनचिफ तथा फिल्ड मार्शल निरसम्शेर राणा संयुक्त प्रधानकार्यलयमा शाही नेपाली सेनाका तर्फबाट लाईजन अफिसर थिए ।

विभिन्न क्षेत्रमा १४ सेनाको अधीनमा रहेर दोस्रो विश्वयुद्धमा नेपाली सेनाको नेतृत्व एकराजशमशेर र ब्रम्हशमशेरले गरेका थिए । गोरखनाथ पल्टनले थ्रीनट, थ्री राइफलबाट फाइरिङ्ग गर्ने युद्धकला सिकायो । तालिम सके पछि सबै फौजसहित हिन्दुस्तान रमाना हुनुभयो । काठमाडौदेखि भीमफेदी सम्म पैदल हिँडेपछि वीरगञ्जसम्म गाडीमा लगिएको थियो । नेपाल सरकारले अंग्रेजको मद्दतको लागि फौज पठाएको थियो । कार्यकर्ताले थाहा पाई अङ्ग्रेज विरोधी भारतीय राजनीतिक दलका कार्यकर्ताले रक्सोलवाट मुजफरपुर जाने रेलको

लिग भत्काइदियो । नेपाली फौज वीरगञ्जमा रोकिनु परेको थियो । भारतमा अङ्ग्रेज विरोधी अभियान सुरु भइसकेको थियो । वीरगञ्जबाट मुजफरपुर लगेपछि उहाँहरूलाई थ्री.नं.थ्री स्टेनगन, ब्रेन, गन, टुमीगन, इन्च, मोर्टार, गुनेड तथा फिल्ड काफ्ट, व्याटल, काफ्टको तालिम दिई एक वर्ष त्यही राखियो । अङ्ग्रेज, ब्रिटिस, गोर्खाका लाहुरे नेपाली सेनाका शिक्षकहरूले तालिम दिएका थिए। तालीम सकिएपछि पल्टनलाई आसामको डिलगङ्गा लगियो। जाँदाजाँदै जापानीजले एअरबम्वार्मेन्ट गर्न थालिहाले । आक्रामक युद्ध लड्दै मणिपुर नागहिल उत्रिए । यही क्रममा युद्ध लड्दै चिन्दावन नदी तरेर फौजीहरू बर्मा पुग्यो। जापानीजहरूको थुपै फौजहरू मारिए। उनीहरूको फाइटर एयर क्राफ्टहरू धेरै खसे । त्यतिबेला महिलाहरू पनि फाइटरहरू चलाउँथे । एन्टी एअरक्राफट गर्न फाइरबाट बचाउन जापानिज फाइटर काठले मोरिएको थियो । जापानीजहरू लडाईमा अति नै बहादुर थिए । उनीहरूले हानेको बमले नेपाली पक्षको थप तोपखाना, हतियारहरू नष्ट भए । रातको समयमा लुकिछिपी नेपालीहरूको डिफेन्स पोजिसनमा आई सेन्ट्रीको हतियारहरू खोस्न आईपुग्थे । उनीहरू मार्न र मर्न डर कत्ति पनि मान्नै थिएनन् । नेपालीहरू भनेपछि जापानीजहरू पनि डराउँथे । अङ्ग्रेज तथा अरू भारतीय सेनालाई केही जस्तो ठान्दैनथे । लडाँईको सिद्धान्तले एउटा बाटलियनलाई हमला गर्न एक ब्रिगेड तीनवटा गण चाहिन्थ्यो । नेपाली एक कम्पनी पोजिसनमा वटालियनले हमला गर्न डराउथे । (४) चार महिनाजति जापानीज विरुद्ध नेपाली फौजहरूले लडेका थिए। बेलायती फौज र तिनीहरूको वन्दोवस्तले मात्र नेपाली फौजको सुरक्षा तथा खानपानको राम्रो व्यवस्था भएन । अमेरिकन सेनाहरू लड्न उत्रिए । त्यसपछि उनीहरूकै बन्दोवस्तमा नेपाली सेनाले समेत उच्चस्तरको रासन पानी पाएँ । अमेरिकिन फाइटर प्लेनबाट जापानिज हमलाको प्रतिकार भयो । नेपालीहरूलाई अमेरिकनहरूले खब मन पराउँथे। चिनिया फौजहरूसँग उनीहरू मिल्दैनथे। अप्रेशनको सिलसिलामा कार्बाहीमा जाँदा दिनको एक एकको दरले प्याकिङ्ग रासनको व्यवस्था थियो । एकछाकको लागि एक ताकतदार चकलेट ५ खिल्ली चुरोट, ६ काँटी सलाई, एककप चियाको समानहरू, खानको लागि साधारण भात रोटी, खसीको मासु प्याक पारेर दिने गरेको थियो। रासनहरू एयर

डप्पबाट सप्लाइ गरिन्थ्यो । हिन्दुस्तानमा पुगेपछि अङ्ग्रेजले भारतमा सुरूमा प्रतिमहिना रू. ३ (तिन) रुपैयाँ पछि ५ (पाँच) रूपैँया थप गरिदिएर महिनाको ८ (आँठ) रूपैयाँ नदिएपछि यही भत्ताको विषयले विद्रोह भयो ।

कोहारमा आन्तरिक सुरक्षाको जिम्मेवारी दिई दोस्रो राफल वटालियनलाई तैनाथ गरिएको थियो । दोस्रो राफल भैर पल्टनका नेपाली सैनिकहरू थिए । सन् १९४१ को पहिलो दिन जनवरीमा उक्त वटालियनका सैनिकहरूले विद्रोह गरेका थिए । बहादुरसम्शेरले प्रधानमन्त्री जुद्धशम्शेरलाई पठाएको पत्रानुसार नेपाली सैनिकहरूलाई अङ्ग्रेज सरकारको तर्फबाट खाना खर्चको रुपमा दिनको दशआना दिइन्थ्यो । सन् १९४० डिसेम्वरदेखि लागू हुने गरी अङ्ग्रेज सरकारले उक्त रकममा १ रुपैयाँ ६ आना थपी दिनको २ रुपैयाँको हिसाबले खानामा खर्च गर्न व्यवस्था गरेको थियो । उक्त बढेको रकम नदिएपछि खानामा नै खर्च गरिने अङ्ग्रेज सरकारको निर्णय थाहा पाउँदा, उनीहरूमा रिसको सीमा रहेन । उनीहरूले आफ्नो अफिसर छेउ गई बढेको रकम नगदमा दिन माग गरे । बहादुरशम्शेरको भनाइअनुसार बढेको रकम दिने मौखिक स्वीकृति दिइयो ।

विद्रोहमा मुख्य भूमिका खेल्ने वाइस अदालतले उनीहरूमाथि मुद्धा चलायो । विद्रोहीका नाइके ठहऱ्याइ सुवेदार मेघबहादुर थापाक्षत्रीलाई मृत्यदण्ड सजाय दिइयो । मद्दत नगर्ने मुख्य व्यक्ति दोस्रो राफलका सिपाही कमलबहादुर थापा क्षत्रीलाई जन्मकैदको सजायँ दिइयो । भैरुङ्गाका सिपाही यक्षबहादुर

खत्री र दोस्रो राफलका सिपाही दिल बहादुर नगरकोटीलाई जनही १८ वर्ष कैदको सजायँ तोकियो। विद्रोहमा भाग लिने दास्रो भैरुङका नौजना सिपाहीलाई सहयोग नगरेको आरोप लगाइ दशजना नेपाली अफिसरलाई जागिरबाट बर्खास्त गरियो। जसमध्ये ६ जना भविष्यमा सरकारी नोकरीका लागि अयोग्य घोषित गरिएको कोहारमा भएको विद्रोहका अतिरिक्त द्वितीय विश्वयुद्धमा जाने नेपाली फौजको अर्को एउटा अध्यारो पक्ष के थियो भने सुरुदेखि नै बहादुरशम्शेर र ब्रम्हशम्शेरले मिलोमतोमा काम गर्न सकेका थिएनन्। नेपाली फौजका सुप्रिम कमान्डरको हैसियतले आफ्नो आदेशानुसार ब्रिगेडर कमाण्डरहरूले बिनाकुनै प्रश्न काम गरून् भन्ने बहादुरशम्शेरले चाहान्थे। नेपाली नौजवान सैनिकहरूलाई हरियो रंङ्गको पोशाक ठूलो बुट, झोला जङ्गल, टोप, हेलिमेट, मोजा होष्ट, झुल, मन्डी आदि दिएको नेपालीजनको लागि नौलो कुरा थियो। बाँच्ने र मर्नेको झिनो आशा बोकेर लडाईंको लागी यो युद्धमा नेपालीलाई जानुपऱ्यो। अप्रत्यक्ष रूपमा सेनाहरू नेपाली सेनाहरूलाई पठाइ बेलायतको पक्षबाट युद्धमा सामेल बनाएको थियो। तत्कालीन राणा प्रधानमन्त्री जुद्धशमसेर, बहादुर शमशेरको नेतृत्वमा २ लाख ५० हजार नेपाली फौज पठाएको थियो। नेपाली फौजलगायत वीरताको साथ छाती थापी युद्धमा होमिन जानुपऱ्यो। नेपालका राणाशासक ब्रिटिस सरकारप्रति बफादार थिए। सुगौली सन्धिपछि ब्रिटिश र नेपाल सरकार बीचको सम्बन्ध निकै राम्रो थियो। ब्रिटिशहरूले नेपालको आन्तरिक मामलामा हस्तक्षेप गर्न सुरु गरेका थिए।

युद्धभूमिमा नेपाली फौज

सन् १९४१ को डिसेम्बर महिनामा जापान दोस्रो विश्वयुद्धमा सामेल भएपछि युद्धले व्यापक रूप लिन थाल्यो । जापानले आफ्नो निशाना ब्रिटिश भारत र बर्मा बनाउने कुरा प्रायः निश्चित भयो । यसो भएको खण्डमा नेपाली फौजलाई युद्धभूमिमा पठाउन आवश्यक हुन्थ्यो । जापानले युद्धमा भाग लिन केही समय अगाडि नै अङ्ग्रेज सरकारले जुद्धशम्सेरसँग नेपाली फौजलाई युद्धक्षेत्रमा पठाउन अनुमति मागेको थियो । ब्रिटिश सरकारसँग बफादार भएमा नेपालमा आफ्नो सत्ता टिकाउन सजिलो हुन्छ भन्ने राणाहरूको बुझाई थियो । उनीहरूप्रति बफादार भएर राणाहरूले धेरै फाइदा लिएका थिए ।

सर्वप्रथम पोल्यान्डमाथि जर्मनले आक्रमण गरेपछि सन १ सेप्टेम्बर १९३९ मा युरोपमा दोस्रो विश्वयुद्ध सुरु भएको मानिन्छ । संयुक्त अधिराज्य र फ्रान्सले जर्मनी विरुद्ध युद्धको घोषणा गरे । लडाईँको महासागरमा सुरूआतमा सन् १९३७ देखि सन् १९४५ मा अमेरिकाले जापानमा परमाणु बम खसालेको थियो ।

दोस्रो विश्वयूद्धको पृष्ठभूमिबाट उठेर बेलायती सेनाका लेफ्टिनेन्ट जोनले गोर्खालीहरूलाई प्रयोगमा ल्याएर दोस्रो विश्वयुद्धमा लड्दाको अनुभव समेटेर कहालीलाग्दो आत्म कथा लेखेका थिए । त्यो दोस्रो विश्वयुद्धको पृष्ठभूमिवाट समेटेका थियो । सुधीर शर्मा आफ्नो पुस्तक बगल्स एण्ड अ टाइगरमा लेख्दछन् - नेपालीहरू बहादुरी गोर्खालीका रूपमा गौरव र नेपालीहरूको सम्मान थियो । नेपालीमा मे ८ तारिखलाई भिक्टोरी अन युरोप अर्थात् युरोपमा दोस्रो विश्वयुद्ध समाप्त भएको दिवस भनेर मनाइन्छ । सन.१९४५ अप्रिल १६ तारिखका दिन वर्लिन आक्रमण गरेको थियो । रणभूमिका सडक, सडकमा लडाईँ सुरु भएको दुई साताभन्दा बढी समय बर्लिन पराजित भयो । जर्मनीले सन् १९४१ को जुन महिनामा सोभियत सङ्घमाथि आक्रमण गरेर अनगिन्ती मानिसहरू मारेको थियो । चार वर्षसम्म भीषण युद्ध चलेको थियो ।

संनः १९४५ सम्म आइपुग्दा अडोल्फ हिटलर कमजोर भइसकेको थियो । सानो अव्यवस्थित सेना पूर्व र दक्षिणबाट आक्रमण गरेको दुई सोभियत सेनाको टुकडीसँगै लडिरहेको थियो । १५ लाख सोभियत सैनिकले बर्लिनलाई घेरेर आक्रमण गरेका थिए । हिट्लरको आक्रामक नीतिले गर्दा विश्वयुद्धमा ८००० जना नेपाली सैनिकलाई सहयोगस्वरूप भारत पठाउने प्रस्ताव राखेको थियो ।

हिट्लरले आफ्ना दिनहरू भूमिगत बक्करमा नै बिताएका थिए । अन्तिम पटक सन् १९४५ अप्रिल ३० मा जन्मदिन मनाउने क्रममा जमिनमाथि देखापरेका थिए । त्यही दिनमा सोभियत सेनाले बर्लिनको केन्द्रतिर गोलावारी सुरु गरेको थियो । जर्मनीले बालकलाई पनि सेना बनाएको थियो । सन् १९४५,३० अप्रिलमा इभाब्राउनसँग बिवाह गरेको भोलिपल्ट हिटलरले आत्महत्या गरेको इतिहासमा उल्लेख छ । शवलाई जमिनमा ल्याएर नजिकको बमले बनाएको खाल्डोमा जलाइयो । सोभियत सेनाले त्यसपछि राइटखस्यामाथि कब्जा गऱ्यो । त्यहाँवाट जर्मनीमा सांसद भवनमाथि सोभियत सङ्घको झण्डा उचालेको थियो । सोभियत सेनासामु मे.२ तारिखमा आत्मसमर्पण गरेपनि ८ तारिखमा युद्ध समाप्त नभएसम्म लडाइँ जारी नै थियो । सोभियत सैनिकले त्यहाँका नागरिकलाई बाँच्नका लागि पाउरोटीहरू दिएर बचाए पनि जघन्य अपराध भने धेरै नै गरेको थियो । दोस्रो विश्वयुद्ध यो मानव इतिहासको सबैभन्दा घातक युद्ध मानिएको छ । ६ करोड मानिसको ज्यान गयो । अन्तमा मित्रराष्ट्रको जित भयो । नेपाली फौजहरूले बेलायतको तर्फबाट जर्मनी तथा जापान विरुद्ध लडेका थिए । युद्धमा सहभागीमध्ये २३,६५५ घाइते भए । ७,५४४ नेपाली युवाहरूले अकालमा मर्नुपऱ्यो । नेपाल राष्ट्र धरतीमाताले धेरै युवा शक्ति पुत्रहरू गुमाउनु पऱ्यो । नेपालीहरू वीरताको साथ लडेको देखि वेलायत सरकार अत्यन्त खुशी भई बेलायती सरकारले श्री ३ जुद्ध शमशेरलाई बेलायती सेनाको पूर्णजर्नेल पदको उपाधि तक्मा र पुरस्कार दिएको थियो । पुरस्कार थियो (मिलिटरी क्रस भिक्टोरीया) । आर्थिक रूपमा (अक्षररुपी तिन करोड तेत्तीस लाख रकम दिएको थियो ।

सेप्टेम्वर (१९३९ **देखि** २ **सेप्टेम्वर** १९४५) **सम्म मारिएका जनसङ्ख्या** :

दोस्रो विश्वयुद्धको कठोर लडाइँमा १० करोड मान्छेहरूको सहभागिता

थियो। लडाइँ आत्मघाती र जन धनको सर्वनाशको ठूलो खेल थियो। महायुद्धमा लगभग ७० देशका मान्छेहरू थिए। तीन प्रकारका जल थल, वायु युद्धमा सेनाहरू सम्मिलित थिए। युद्धमा ६ करोड मानिसहरूको ज्यान गएको थियो। यो मानव इतिहासको सबैभन्दा ठूलो धनजनको सर्वनाश भएको थियो। विश्वयुद्धमा विश्व दुई भागमा बाँडिएको थियो।

दोस्रो विश्वयुद्धको कठोर लडाँइमा विश्वबाट १० करोड मान्छेहरूको सहभागिता थियो। त्यो लडाइँमा भएको मृत्यु क्षती यस प्रकारको थियो।

मृत्यु (दोस्रो विश्वयुद्धमा)	(पहिलो विश्वयुद्धमा)
सैनिक : १६,०००,००० सैनिक मृत्यु।	८,०००,००० माथि
साधारण जनता : ४५,०००,०००	४,०००,००० भन्दा

नेपाली सैनिकका आँखाबाट रसाएको आँसु कसैले देखेनन्। जसका कारण आज खाड्ल पुरिएन। लडाइँमा हारजितको लडाईँ नै नेपालीको बहादुरीको उदाहरण हो। आन्तरिक द्वन्द्वमा जहिले पनि प्रहरी अगाडि लाग्छ भने सेनाले प्रहरीलाई साथ दिन्छ। यसलाई एड टु सिभिल अथरिटी भनिन्छ। रक्षा मंन्त्रालय तथा नेपाली सेनाको पहलमा खडा भएको संस्थावाट आम नेपालीले अनुशासित, संस्कार, संस्कृति र इतिहासको सम्मान गर्ने वातावरण तयार कहिले हुन्छ ? नेपालजस्तो गरीब देशले पनि लाखौँ रुपैयाँ बेलायत सरकारको युद्धकोषमा चन्दा दिई सहयोग गरेको थियो।

जर्मनीको हार भएपछि दोस्रो विश्वयुद्ध समाप्त भएको थियो । अगष्ट महिनामा जापानले आत्मसमर्पण गरेपछि युद्धको पूर्णरुपले अन्त्य भयो । पछि नेपाली फौजलाई फिर्ता पठाउन प्रबन्ध गरियो । हनुमानढोकामा २८ अक्टुवरको दिन काठमाडौंमा विजय दिवस मनाएको थियो । नेपाली फौजको सम्मानमा ३१ तोपको सलामी दिइयो । यसको केही महिनापछि लण्डनमा आयोजित विजयोत्सवमा भाग लिन नेपालले पश्चिमतर्फका कमान्डर जनरल बबरशमशेरको नेतृत्वमा उच्चस्तरीय सैनिक मिसन त्यसतर्फ पठाएको थियो । उक्त दिनमा जुद्धशमशेरले युद्धको मोर्चामा गएका सैनिकहरूलाई हनुमान ढोकामा स्वागत गरे । जुद्धशमशेरलाई उच्चस्तरको मान-पदवी दिन खोजेको थियो, तर नेपाली प्रधानमन्त्रीले कुनै मान पदवी लिन अस्वीकार गरे ।

नेपाल सरकारले विदेशमा गई साहसिक कार्य गरी फर्केका आफ्नो फौजका व्यक्तिलाई विभिन्न मान पदवी प्रदान गऱ्यो । लेखको भनाइअनुसार जम्मा १३५ जनालाई मान पदवीद्वारा विभूषित गरेको थियो । बहादुरशमसेर, कृष्णशमशेर, ब्रम्हशमशेर, एकराजशमशेर, नीरशमशेर र किरणशमशेरलाई सप्रदीप्त मान्यवर नेपाल ताराद्वारा विभूषित गरी अन्य व्यक्तिलाई दर्जा अनुसार विभिन्न मान पदवी प्रदान गरियो । विदेशमा प्रगति विकास सिष्टमहरू देख्ने नेपाली सैनिक गोरखानाथ पल्टनबाट कृस्ती २१ का पिता टेकबहादुर रानाभाट र लेखनाथ २६ का टेकबहादुर खत्री महेन्द्रदलबाट हुनुहुन्थ्यो । बाँचेका जति सबै नेपालमा फर्की प्रजातन्त्रका लागि ठूलो सहयोग गरेका थिए ।

समयकै क्रममा वहाँमा बुढ्यौली लाग्दै गयो । परिवारमा साथ दिने दाहिने, देब्रेहात भनेको जेठी, माइली, सबै छोरी छोराजस्तै थिए । पितालाई छोराछोरीबाट सक्दो सहयोगको कमी थिएन । छोरीहरू सबैको विवाह भयो । पारिवारिक परिवेशमा कान्छा छोराको विवाह गर्न बाँकी नै थियो । उहाँलाई चिन्ताको विषय बनेको थियो । श्रीमती तारादेवी रानाभाट मेरो (मुमा) लाई रोग लागेर गण्डकी अस्पताल पोखरामा लगियो । सोही अस्पतालमा डा. बुद्धिबहादुर थापाले रोग पत्ता लगाएर काठमाडौमा लैजानु भन्नुभयो । नेपाली शाही सैनिक अस्पताल छाउनीमा उपचार गराउन भाइ रमेशले लगिहाले । भाइ र म पालो गरेर बस्थ्यौं । अलि बुझ्ने भनेको दिदी, म र भाइ थियौं । अरू लालावाला थिए । मुमालाई सन्चो नहुने रोग लागेकोले रोग घट्नुका सट्टा बढ्दै गयो । Brain Tumor रोगको कारणले शाही सैनिक छाउनी अस्पतालले उपचार गर्दा गर्दै निको नहुने कारणले गर्दा फिर्ता पठायो । फिर्ता पठाएको ८ महिनामा ६० वर्षको उमेरमा आफ्नै निवासमा वि.सं.२०५६ मा मृत्यु भयो । धरती नै फाट्यो ! तारादेवीको मृत्यु भएपछि हामीलाई महसुस भयो - दाजुभाइहरू सबै नजिक हुनुपर्ने रहेछ । कान्छा छोरा राजेन्द्रलाई नेपाली सेना महेन्द्रदलमा वि.सं. २०५३ सालमा भर्ती गराउनु भएको थियो । मुमाको स्वर्गीयको दुःखद् घटनामा काजक्रियामा बस्दा विभिन्न मार्ने धम्कीले गर्दा राजीनामा दिने बाध्यता भयो । अन्तिममा बुढेउली र यिनै कान्छा छोराछोरीको चिन्ता र श्रीमतीको निधनले मनमा ठुलो चोट पऱ्यो । पर्दाको जन्ती, मर्दाको मलामी भन्ने नेपाली उखानलाई सत्यतामा उतार्दै त्यति बेलाको भावपूर्ण दुःखमा साथ दिने भनेका (कुज) भाइ जय बहादुर रानाभाट, छोरा बलबहादुरको ठूलो सहयोगले विशेष महिलाले गर्ने सम्पूर्ण रेखदेख, घर लिप्ने, सबै काम गरेर समाज, परिवारमा भाइले आपत् विपत्मा सहयोग गर्नुपर्ने उत्तरदायित्व बोध गरी उदाहरणीय पात्र बनेर भाइचाराको ठूलो भूमिका निभाउनु भएको थियो । त्यति बेलाको गुनको बदला हामीले तिरेर कहिलै सक्दैनौं । छोरीहरू विन्दु, इन्दु र ज्वाईंहरू लक्ष्मण कार्कीको भूमिकाको ठूलो देन थियो । आ-आफनो गक्ष र महत्वपूर्ण सोची सबै आफन्त, ज्वाईं छोरी बुहारीहरूको अनुकूल पर्नेहरूको कमी थिएन । उहाँको रोग खासै थिएन । मैले थाहा पाएअनुसार ८० वर्ष कटेपछि पिसाब सम्बन्धी रोगले एकपल्ट मात्र

जागिरको सिलसिलामा राजेन्द्र रानाभाट ।

अप्रेशन गर्नु परेको थियो । ठूलो भाइ र म भएर काठमाडौ छाउनी अस्पतालमा लगेका थियौ । औषधि गरेर ठीक पनि भयो तर बुढ्यौलीको शरीर नै हो । काललले उमेर भन्दैन, दैवको लीला, माता पिताको उमेर २२ वर्षको फरकमा विवाह गर्दा पनि उहाँलाई अलि वर्ष विधुर बस्नु पऱ्यो । जीवन बाँचेर राम्रोसँग बचाउन सके जीवन हो । फिलिमी दुनियाँको पात्रजस्तै कस्ले कस्तो रोल खेलेको छ । हामी पनि त्यही पात्र हौँ । सुकेको वृक्ष जुनसुकै समयमा पनि ढल्न सक्छ । रमेश र राजेन्द्र हामी इष्टमित्रहरू सबैजना मिलिजुली चौरासी पूजा लगाएर मनको सन्तोषको अनुभूति गरायौँ । चौरासी पूजामा कुलका जेठो छोरा श्रीबहादुर रानाभाटले ठूला बाबाको पाउँमा राम्रो र महङ्गो छालाको जुत्ता लगाएर बुवालाई गरेको श्रद्धा र झुकेको भावनाले कहिले भुल्न सकिँदैन ।

पारिवारिक पृष्ठभूमि

जीवन र जगत् सांसारिक सृष्टिक्रममा उतार, चढाव जीवनको सर्घषमय यात्रामा मातापिताको सल्लाहनुसार विवाहित श्रीमतीबाट एक छोरा र एक छोरीको जन्म भएको थियो । सन्तानहरू मध्ये पनि औंलो रोगले १४ वर्षका किशोर छोराको अल्पायुमा मृत्यु भयो । केही दिनमै श्रीमतीको पनि मृत्यु भयो । बाँकी एकछोरी पनि बाँच्न सकिनन् । दाजु बाँचेको भए हामीलाई सामाजिक पारिवारिक बौद्धिक र आर्थिक, विभिन्न रूपमा (सपोर्ट) सहयोगले माथि पुग्ने थियौँ होला ? सबैभन्दा पीडा र पिरो महसुश गरेकी छु । सो विवाह असफल भएकोले वंश कायम राख्न र पारिवारीक जीवन विताउनको लागि पिताले ४२ बर्षको उमेरमा वि.सं. २०१६ सालमा बागमती अञ्चल, धादिङ जिल्ला खानीखोलाका एउटै पल्टनका जमदार पिता भीमबहादुर रानाभाट र माता ज्ञानुदेवी रानाभाटका पुत्री तारादेवी रानाभाटसँग विधिविधान संस्कार अनुसार बिवाह भयो । मातापिता, ठूला, आमा बुवा डोरबहादुर रानाभाट, रामबहादुर रानाभाट, आफन्तहरू र काठमाडौ सिनामङ्गल निवासी कृष्णबहादुर रानाभाट मामा माइजू गङ्गा र तुलसीले कन्यादान गरेर दिनुभएको थियो । हजुरबुवा भीमबहादुर रानाभाटले, पुख्यौंलौ अचल पैत्रिक श्रीसम्पत्ती केही पनि हेर्नुभएन । विश्वास र जागिरको भरमा पाले पुण्य, मारे पाप भनेर सबै मान्यजनहरूलाई भोज भतेर खुवाएर, बडो श्रद्धा र उमङ्गले बुवाको हातमा सुम्पिदिनु भयो । जिजुबुवा र बुवा

मामा कृष्णबहादुर रानाभाट

राजदरबारमा एउटै पल्टनमा जागिर, डिउटी गर्ने भएकाले बुवामाथी विश्वास धेरै थियो । मेरो मुमाका माता ज्ञानुदेवी रानाभाट काठमाडौ सिनामङ्गलका कृष्णबहादुर रानाभाटका दुई दिदी र भाइमात्र भएकाले धेरैजसो मामाघरमा नै बस्ने गर्नुहुन्थ्यो । मुवा एउटै भान्जी भएको कारणले गर्दा सिनामङ्गल मामाघरमा, मामा माइजुको प्यारी भान्जीलाई उच्चस्तरको वातावरण शिक्षा संस्कारहरू दिनुभएको थियो । सिधा भद्र असल महिला हुनुहुन्थ्यो । शिक्षा दीक्षा पाउनु भएकोले नारीमा हुनु पर्ने गुण स्वभाव शिष्टताको ज्ञान पूर्णरूपमा थियो । परिवार समाज सबैसँग मन, वचन, कर्मले देवत्व भावना राखी समाजमा चल्न सिकाउनु भयो । वन जङ्गल खेतीपातीको काम गर्न जान्नु भएको थिएन । कास्कीमा आएर इत्यादि कामहरू सिक्नुभयो । छोरीको कहाँको जन्म, कहाँको मरण लेखेको पाइन्छ, देखेको पाइँदैन यसैलाई भाग्यको खेल भनिन्छ ।

श्रीमती तारादेवीको कोखवाट विवाह भएको दुई वर्षपछि पहिलो सन्तान पुत्रीको रुपमा दिदी विन्दुको जन्म भयो । केही वर्षपछि छोरी (इन्दु) मेरो जन्म काठमान्डौ ठमेलमा भएको थियो । दुई छोरीको जन्म भएपछि जागिरको अन्तिम घडीमा पहिलो पुत्ररत्न रमेश रानाभाटको मावली गाउँमा २०२६ सालमा जन्म भयो । सो जन्म जायले उहाँको जीवनमा वंशको आवासले ठूलो हर्षोल्लास छायो । इष्टमित्र आफन्त नेपाली सेना साथीहरूलाई खुशीले भोज खुवाएर जन्मोत्सव मनाउनु भएको थियो ।

श्री ५ महेन्द्र सरकारको छत्रछाँयामा रही काम गरी प्रमोशन र तक्माहरू पाउनुभयो । वि.सं.२०२४ श्रावण महिनामा राजा महेन्द्र र रानी रत्नको साथमा पिता टेकबहादुर रानाभाट हेलिकप्टरबाट कास्कीकोटमा सवारी भएको थियो । भगवती कालिकामाईको दर्शन र पूजा गर्न र कास्कीकोटबाट देखिने मनोरम प्राकृतिक दृश्यावलोकन गनर्का लागि कास्कीकोटमा श्री ५ महेन्द्र सवारी भएको थियो । बखलढुङ्की भन्नै ठांउँमा हेलिकप्टर ल्याण्ड गरेर कास्कीकोटका प्रधानपञ्च र कोटका पुजारी तथा जनताहरूलाई भेट्दा स्थानीय जनता खुशी हुँदै फूलमालाले राजारानीलाई जिउँदो देवता विष्णु भगवान् भनेर बडो श्रद्धाभक्ति चढाएको पिताजीले हामीलाई भन्ने गर्नुहुन्थ्यो । हामीहरूको कास्कीका दाजुभाइहरूसँग त्यत्तिकै भावनात्मक सम्वन्ध छ । कास्कीकोटका

मूल पूजारी त्रिपाठीले गुप्तकालिका माईको दर्शन गर्ने मूलढोकाभन्दा भित्र पसेर राजपरिवारलाई पूजा, दर्शन गर्ने प्रचलन छैन भनी विन्ती गरेछन् । बाहिरबाटै दर्शन र परिक्रमा गरेर मुसुक्क हाँसेर फर्किनुभयो । विश्वयुद्धबाट बाँचेर विभिन्न प्रमोशनको हर्षका साथै जन्म जायको खुशीले जन्म गाउँ देखाउने विन्ती जाहेर गर्नुभएछ । आफू जन्मेको कृस्ती नाच्नेचौर देखाउन माथिबाट नै दृष्य अवलोकन गरी पोखराको रत्न मन्दिरमा फिर्ती सवारी भयो । उहाँहरू अलि दिन पोखरामा नै बस्नुभएको थियो । वि.सं. २०२५ मा राजदरबारमा विभिन्न सेमिनार, गोष्ठीहरूमा स-परिवारसँगै लिएर जानुहुन्थ्यो । राजापरिवारहरू अगाडि,अरू स-परिवारहरू पछाडि बसेर विभिन्न Program हेर्ने मौका दिदी विन्दुले पाउनुभएको थियो । सो समयमा हवाईजहाजमा हामीहरूलाई पोखरामा लिएर आउनुभयो । भाइ रमेश काखमा थिए । वि.सं. २०२४ सालमा पृथ्वी राजमार्ग बन्दै थियो । पोखरा उपत्यकालाई राजधानी उपत्यकासँग जोड्दछ । चीन सरकारको सहयोगमा बनेको १७४ कि.मी. र नौबिसेदेखि काठमाडौंसम्म २६ कि.मी गरी २०० कि.मी. लामो पोखरालाई जोडेको पृथ्वी राजमार्ग हो ।

नेपाली सेनाका पदहरू

क्रमशः उपरथी, सहायकरथी, महासेनानी, प्रमुखसेनानी, सेनानी, सहसेनानी, उपसेनानी,र सहायक,सेनानी अधिकृत तहका दर्जा मानिन्छ । जागीरकै सिलसिलामा कार्य सम्पादन, आन्तरिक क्षमता विभिन्न पदहरूले प्रमोशन उकालो पाइला टेक्दै उत्कृष्ट कामहरू र अनुकूलका कार्यले नीति निर्देशनहरू पालना गरी सम्पन्न गर्नुभएको थियो । शिक्षाको अनुभव विभिन्न पदहरू र दक्षताहरूले बढुवा हुँदै विभिन्न उकालो चढ्नुभयो ।

श्री ५ महेन्द्रवीर विक्रम शाहदेवका हुकुमले उपसेनानी अर्थात् (अधिकृत) दर्जामा मिति : २०२१ माघ १४ गते लेफ्टिनेन्ट (उपसेनानी) पदमा बढुवा हुनुभयो । नेपाली सेनाली सेनाको लोगोंमा प्रयुक्त चिन्हले भगवान् शिवलाई इङ्गित गरेको छ । संविधानले सैनिक सङ्गठनको नेतृत्व प्रधान सेनापति महारथीले गर्छन् ।

श्रद्धेय पिता टेकबहादुर रानाभाटलाई शाही सैनिक शिक्षण पक्ष नेपाल

प्रमाणपत्र अनुसार युनिट गो.बा नम्वर ३३४५ सुबेदार हुँदै विभिन्न पदहरूमा उकालो लाग्दै उपसेनानी अर्थात् (अधिकृत) दर्जामा श्री ५ महाराजाधिराजका हुकुमलेः पृथ्वीलाधीश वीरेन्द्र शाह अध्यक्षः निरशमसेर विभूषण समिति : प्रमुख सैनिक सचिव शेरबहादुर मल्लज्यूले वि.सं. २०२६/२/३० श्री ५ को निर्णयानुसार टेकबहादुर रानाभाटलाई यथोचित उप्रान्त शाही रक्षक गोरखबहादुर गणको र राजदरवारमा खटाईएको ड्युटीमा राम्रो काम गरे वापत प्रवल गोरखा दक्षिण बाहुको मान पदवी लगाउनको अधिकार र सो सम्बन्धी मानमर्यादा प्रदान गरिबक्सेको थियो ।

तक्माहरूः प्रबल गोरखा दक्षिणबाहु, त्रिशक्ति पट्ट, दीर्घसेवा पदक

अङ्ग्रेज सरकारवाटः GEORGIUS VI:MN: REX: F:DM IND:IMP: बर्मा सरकारवाट BURMA STAR ले विभूषित हुनूभएको थियो ।

मिति २०२६ सालमा कास्की जिल्ला, हालको पोखरा २६ महानगरपालिका रिठ्ठेपानीमा सेवाका रकम र तेजारथ सापटी लिई आफनै स्वामित्वमा जग्गा खरिद गर्नुभयो । वि.सं २०२८ सालमा आवास निर्माण गरी बसोबास गर्न थालेपछि शान्तिको अनुभूति भयो । सामाजिक र आँगनभरि पारिवारिक सञ्जालमा असल कर्महरू जिएर रमाउन थाल्नुभयो । अवकाश जीवनमा आएपछि छोराछोरीको रहर रहरैमा छोरीहरू मीरा, इन्दिरा, छोरा कनिष्ट सुपुत्र राजेन्द्र रानाभाटको जन्मले आँगनभरि फुलेका फूलहरूले उहाँहरूलाई सन्तान सुखको शान्ति (अनुभूति) दिलायो । रमणीय लेखनाथ रिठ्ठपानी कास्की जिल्ला, हालको पोखरा २६ महानगरपालिका, पृथ्वी राजमार्ग लेखनाथचोक हुँदै बुढीबजारको हाइवेदेखि ५,७ मिनेट जति पैदलयात्रा दक्षिणतर्फमा रहेको दक्षिण भेगमा रिठ्ठेपानी रहेको छ । उर्वर जमिन, सेती नदी र बिजयपुर सिँचाइले सबै रसिलो र पोषिलो ठाउँ छ । रिठ्ठेपानीको जङ्गलको सिरानीमा घर अगाडि चन्डी मन्दिर रहेकी छिन् । कडा मेहनत, तीक्ष्ण बुद्धि र परिश्रम गरे जे काम पनि गर्न पनि सकिन्छ । त्यही सोच राखी जङ्गलमा दाउरा, घाँस काट्ने चलन थियो । स्टोप, ग्यासको चलन थिएन, दाउरामा खान पकाउन पर्ने थियो । त्यसैले एक दिन बुवा जङ्गलमा गई ठूलो रुखमा चढी हाँगा काट्दा रुखको टुप्पोबाट लड्नुभयो । टाउकोमा ठूलो गहिराइको घाउ बन्यो । टाउकाको चोट भएकोले सबै लालावालाको

रुवावासीले टोल नै धमिलो भयो । धर्मको आस्था भएर होला, भगवती देवी चन्डीले बचाइदिइन् । धन्य प्रभु, कोटी कोटी नमन । सोही ठाउँको चन्डीपीठ विश्वास, महिमा शक्ति अपारम्पार छ । विगत केही वर्षदेखि सोही स्थानमा बाला चतुर्दशीका दिन भव्य सतवीज छर्ने गरेका छन् । त्यसैले यो ठाउँको महिमा झनै बढेको छ । जीवनमा एक पटक अवलोकन गर्न जानैं पर्ने ठाउँ मानिन्छ। यहाँको बासिन्दाको आस्था मन मन्दिरमा सजिएर आशीर्वादको स्थल बनेकी छिन् । डाँडाको उत्तरपट्टी समथल फेदीमा रहेको भूभागमा सुन्दर रमणीय ठाउँमा पिताको घर छ। (भाइ रमेश राजेन्द्रका) घरवरिपरि जमिन छ। उत्तरतर्फ कन्चन हिमाल हाँसिरहेको छ। पश्चिमपट्टि बिजयपुरखोला मुस्कराउँदै हिडेकी छिन् । सेतीको हँसिलो र विजयपुरको मुस्कुराहटले पोखरालाई हरियालीले मन लोभ्याउने दृष्य देखिन्छ । खोलापारी अन्तर्राष्ट्रिय विमानस्थल नयाँ एयरपोर्ट बनेको छ । वि.सं.२०५३ माघ ११ गते मन्त्रीपरिषद्को निर्णय अनुसार राखी, लेखनाथ र शिशुवा र बेगनास गा.वि.स.लाई मिलाएर वि.सं.२०७१ पौष २८ गते तत्कालीन भरतपोखरी गा.वि.स पोखरा नगरपालिकामा समाहित भएको थियो ।

नेपालमा अवस्थित पोखरा उपत्यकाको २८ डिग्री ५"उत्तरदेखि २८" डिग्री १२" उत्तरी अक्षांश र ८४" डिग्री ०८" पूर्वी देशान्तर समथर भागमा रहेको कोत्रेदेखि २.२१७ मिटरसम्म फैलिएको छ। दक्षिण पूर्वी किनारमा ठूलोकोटको फेदीमा अवस्थित सातताल‌को धनी लेखनाथमा नै पर्दछ । नगरपालिकामध्ये सबैभन्दा धनी भनेर परिचित छ। वास्तवमा पोखरालाई विश्वजगत्मा चिनाउने कदरस्वरुप विभिन्न देशहरूले दिएको पुरस्कार गरेका कर्महरूले प्रष्ट पारेको छ। हामीले समयमा चिन्न सकेनौं । कविशिरोमणि पौडयाल्को जन्मभूमि सबैका लागि प्रेरणाका श्रोत र पोखराको सेरोफेरोमा जन्मिएका आदिकवि भानुभक्त आचार्य र लोकप्रिय कवि भूपि शेरचन, जनकेशरी धर्मराज थापा इत्यादिले गर्दा साहित्यिक संसारबाट पनि कास्कीलाई त्यत्तिकै महत्वले हेरिने गरेको छ। महान् हस्तीहरूले बचाइराखेको भाग्यमानी पौरखी भूमि पोखरा (कास्की) हो ।

सोही ठाउँमा (हजुरमुमा) कौशल्या रानाभाटका जेठो छोरा -पिताको घरमा बस्न थाल्नुभयो। मुमा तारादेवी रानाभाटले सासूको सेवा बडो श्रद्धाभावले गरेको मैले थाहा पाउँछु । ८९ वर्षको उमेरमा ठूलो छोरा र बुहारीको काखमा

ब्रह्मलीन हुनुभयो । हजुर मुमाको स्वर्गीय भएपछि उहाँको माइती मामली कता होलान् भनेर जिज्ञासा मलाई जागिरहेको थियो । खोजबिन गर्दै जाँदा गन्डकी अञ्चल, कास्की जिल्ला थुमाको डाँडाका बाजेको नाम ऋषिराम रानाभाट हुँदै दामोदर रानाभाट, नरहरीका छोरा ज्योतिषी रुद्र रानाभाटका माइला छोराका एक मात्र छोरी कौशल्या रानाभाट हजुरआमा हुनुहुँदा रहेछ ।

पिताजी नियमित रूपमा ब्रह्म मूहूर्तमा उठी कुल पितृहरू, बाबा गोरखनाथ, देवी भगभवतीको आराधना र धार्मिक मान्यतामा पनि रुचि राख्नु हुन्थ्यो । बिहान सधैँ तातो पानी खाएरमात्र चिया खाने बानी थियो । उहाँले खाना खाँदा सधैँ खानाको थालमा ३ पल्ट जल घुमाएर भगवानलाई अर्पन गरेरमात्र खानाको सुरुआत गर्नुहुन्थ्यो । सफा सुग्घर, बोली चाली व्यवहार सबै कुरामा सफा (स्पष्टता) थियो । निरोगी हुनुभएकाले आफ्नो खेतबारीमा गएर खेत हेर्न, छोराछोरीलाई दूध पिलाउनलाई भैँसी पनि पाल्नु भएको थियो । आफ्नो पेन्सन र खेतवारीको धान, मकै, गहुँको उब्जाउले घर परिवार चलाउनु पर्ने थियो । उहाँले आफ्नो खेतमा मुख्य धान पहेँले, मसिनो, झिनुवा, जेठोबूढो, पोखरेली वास्मती चामलले टोलमानै वास्नाले सुघन्धित बनाउने थियो । मीठो र मसिनोले जिब्रो नै रसाउँछ ।

जन्मगाँउमा कृस्ती २१ मा श्री भविष्य माध्यमिक विद्यालय स्थापना गरे पनि बसोबास लेखनाथमा नै भएकाले हालको पोखरा महानगरपालिका वडां. नं २६ मा रहेको श्री भवानीकालिका माध्यमिक विद्यालयमा छोराछारीहरू पढाउन थाल्नुभयो । २०३२ सालबाट निरन्तर सोही विद्यालयमा गएर पीटी परेड, तालिमहरू दिएर सेवाभावले सहयोग गर्नुभएको थियो । सरसल्लाह, सुझाव गति निर्देशनका पाटाले नयाँ नयाँ विषयवस्तु प्रस्तुत गरेर सहयोग गर्नुभयो । सोही समयमा पढाउने मास्टरहरू पूर्वमन्त्री यज्ञबहादुर थापा, नवराज थापा, सावित्रीमोहन भट्टराई, कृष्णमोहन भट्टराई, रवि बराल, नारायण सापकोटा, गोविन्द सर, तेजनारायण रानाभाट, भगवती तभ्क्या्आदि हुनुहुन्थ्यो । अर्ति, बुद्धि र साहस ज्ञानले सधैँ श्रवण पिलाउनु हुन्थ्यो ।

छोराछोरीलाई उमेरको फरकले नाति नातिनातिनीजस्ता देखिँदा उहाँले छोराछोरीलाई राम्रो उच्च शिक्षा दिने ठूलो रहर थियो । परिवारमा राम्रो लगाव र शिक्षित हुनुपर्दछ भन्ने मान्यता थियो । छोराछोरी भनेर भेदभाव नराखी सबैलाई

समान रूपमा ठाउँ गक्षअनुसार पालनपोषण, शिक्षादिक्षा दिनुभयो । त्यतिबेला पाएको शिक्षा, दीक्षाले र यहाँहरूका सद्भाव र मायाले पनि हामीहरू भाग्यमानी भएको महसुस गर्दछौं । विस्तारै परिवारक समस्याहरूले छोप्न थाल्यो । छोरी छोरा बढ्दै गए । अरू छोराछोरीहरू जन्मँदै थिए । पितालाई अलि दुःखको आभाषले छोयो । तत्कालीन समयमा सोही स्थानका चन्द्रबहादुर रानाभाट वडा नं. ८ राखीका अध्यक्ष वि.सं. २०३८वाट ४२ सालसम्म हुनुभएको थियो । सोही ठाउँका बासिन्दा साथीभाइ भक्तबहादुर थापा, रामबहादुर थापा, प्रेमबहादुर थापा, बरालहरू सबैले मामा भनेर सम्वोधन गर्ने थिए । किनकि उहाँको दिदीको सोही ठाउँमा बिवाह भएर आउनु भएकोले सोही ठाउँमा बसाउने दिदीको ठूलो हात थियो । सबैले मानसम्मान श्रद्धा भावले उहाँलाई समाजले हेर्ने थिए । वि.सं.२०३४ सालमा विजयपुरमा ब्यारेक स्थापना हुनेभएकोले जग्गा अधिकरण भयो । बिजयपुर ३ नं.वाहिनी गण आएर बसेको तियो । ब्यारेक बसेपछि झन् पिताको महत्व बढ्यो, सोही समयको गतिसँगै भवानीकालिका माध्यमिक पुरानो विद्यालय वि.सं.२०३९ सालमा पुरानो ठाउँ बिजयपुरको खोलानजिक थियो । वि.सं. २०३४/२०३५ सालमा बिजयपुर ३ नं. वाहिनी व्यारेक बसेको थियो । चन्द्रबहादुर रानाभाटको भनाइ अनुसार गणतन्त्र आएपछि त्यो व्यारेक अन्तै गयो । २०६२/२०६३ मा श्री पश्चिमाञ्चल पृतनापति हेडक्वाटर स्थापना भयो । व्यारेक बसेपछि पितालाई धेरै सजिलो भयो ।

पृतनापति, जर्नेल, कर्नेलज्यू अरू साथीभाइ सबैजनासँग राम्रो सम्बन्ध थियो । सम्बन्ध राम्रो हुनुको कारण उहाँले सोही ठाउँको वस्तुस्थिति सबै जानकारी, सरसल्लाह र सुझाव दिनुहुन्थ्यो । घर, ब्यारेक, विद्यालय नजिक नजिक भएको हुनाले सबै कामहरू सहज तरिकाबाट सम्पन्न गराउनु भएको थियो । विजयुपर व्यारेक नआँउदै कास्की जिल्ला पोखरा महेन्द्रपुलको मुखमा रहेको रानीपौवा ११ मा भएको श्री भगवतीगण व्यारेकमा गाउँ घर समाजमा भएका लायक जवानहरूलाई भर्ती गराउन लिएर जानुहुन्थ्यो ।

विं.सं.२०३९ सालमा बिजयपुरमा साही सैनिक पश्चिमाञ्चल पृतनापति हेडक्वाटर ब्यारेक बस्यो । ब्यारेकभित्र जो पाए उसलाई जान नदिएको कारणले गर्दा पश्चिमाञ्चल क्षेत्रिय सिचाईं निर्देशनालयका निर्देशक मोहनध्वज कार्कीको

पालामा उहाँलाई नै माग गरी जागिर दिएको थियो । ब्यारेक भित्रको सुपरभिजन काममा खटाइएको थियो । इन्जिनियर श्री कृष्णराज तिमिल्सिना घरमा आएर बुवासँग कुरा गरेको मैले अलि अलि थाहा पाउँछु। ब्यारेक भित्रको सुपरभिजन, सर सल्लाह दिएर असल भूमिकाले सहयोग गर्नु भयो । घर नजिकै भएकोले उहाँलाई आफनो जमिनमा धानबाली हुने भएकोले ब्यारेकबाट सैनिकले परेको समयमा बेलाबेलामा खेतमा गएर काम गरिदिनेजस्ता धेरै सहयोग पाउनु भएको थियो । विभिन्न प्रोग्राममा सरिक भएर राय, सुझाव दिने महत्वपूर्ण भूमिकाले त्यहाँका प्रमुख साहेबहरूलाई खुशी बनाउनुहुन्थ्यो । कामले नै खुशी भएर समाज, परिवार सबैले उहाँलाई श्रद्धा र उच्चभावले हेर्ने थिए ।

सैनिक अस्पतालमा पनि स्थापना भयो । सैनिक परिवारहरूलाई निशुल्क औषधि उपचार दिने भएकोले हामीलाई विजयपुर ब्यारेकमा लिएर जानुहुन्थ्यो । मैले देखेको भोगेका कुराले गर्व र श्रद्धा लाग्दछ । नेपाली सेनाको छोरी भएकोले सधैं सधैं नेपालीसेना परिवारप्रति हार्दिक उच्च सम्मान सहित नमस्कार टक्र्याउँछु । बुवा र सुवेदार हजुरबुवा पर्ने गङ्गा बहादुर रानाभाट प्राय सँगै हिँड्ने गर्नुहुन्थ्यो । उहाँहरू दुवैजना असल र सज्जन व्यक्तित्वका धनी भनेर बूढीबजारका दीर्घनाथ बराल दाजुले समय समयमा सुनाउनु हुन्छ । बिन्ध्यवासिनी मन्दिरमा जाँदा पुजारी रुद्रनाथले जहिले पनि धेरै समयसम्म भलाकुसारी गरेर बस्ने, प्रसाद र उपहार दिने गरेको हामीहरूले लिने थियौं । अहिले आएर थाहा पाएँ कि पुजारी कुरा अनुसार मेरो पिता चौतर्फी सबैका प्रिय पात्र हुनुहुँदोरहेछ । नेपाली सेना जहाँ देख्छु, मेरो पिताको स्मृतिमा भाव विह्वल हुन्छु । नेपाली सेनाको सुविधा, इज्जत भिन्न र वजनदार हुनेरहेछ । अहिले आएर मलाई महसुस भएको छ । लेखनाथमा आएपछि छोराछोरीको रहर रहरैमा छोरीहरू मीरा, इन्दिरा, छोरा कनिष्ट सुपुत्र राजेन्द्र रानाभाटको जन्मले उहाँहरूलाई सन्तानको शान्ति सुखको (अनुभूति) दिलायो ।

कास्की कृस्ती नाच्नेचौरबाट माइला भाइ नरबहादुर रानाभाट चितवन माडीमा स-परिवार बस्न थाल्नुभयो । तीनजना तीनतिर भएकाले दाजुभाइबाट अलि दूरी बढ्यो । पिता स्वर्गीय हुनुभन्दा पहिले नै उहाँको पनि मृत्यु भइसकेको थियो । पूर्खाको पैतृक अचल सम्पत्ति प्यारा कान्छा भाइ चेतबहादुर रानाभाट

लाई नै प्रेमभाव र मायाले श्रद्धापूर्वक सर्मपण गरेर उदारता देखाउनु भएको थियो। कान्छा भाइ चेतबहादुर रानाभाट भारतमा नै बस्ने गरेकाले दाजुभाइहरूबाट अलि टाढा हुनुभयो।

लेखनाथमा माता पिता र हामी ६ जना छोराछोरी जम्मा ८ जनाको परिवार भयौं। समय गतिसँगै छोराछोरीहरू भाइ, भतिजा आफन्तजन टाढा भएकाले त्यतिबेला उहाँलाई दुखको आभाष अनुभूति भयो। सो समयमा उहाँलाई साथ दिने भनेको उहाँको दिदीका छोराछोरी लेखनाथ वडां नं २६ का भिनाजु नारायणदत्त बन्जरा, नारायणदत्त रानाभाट, पूर्णलाल बन्जरा, नन्दलाल बन्जरा, खिमराज राजभाट, चूडामणि बराल, भान्जा, भान्जीहरू ईश्वरीप्रसाद, कुलप्रसाद बन्जरा, भान्जी धनुमाया, छनुमाया, तेजमाया र प्रेमबहादुर रानाभाट, रङ्गनाथ तिमिल्सिना, ऋषिकेश बराल, कृष्णबहादुर भुजेल, इन्द्रमणि बराल लेखनाथ २६ समाजको बिशेष भुमिका थियो। वीरबहादुर जी.सी., खड्कबहादुर कुँवर, टीकाराम, रत्नमोहन भट्टराई, शोभामोहन भट्टराई, सूर्यमोहन भट्टराई, लेखनाथ बराल, चक्रपाणि तिवारी, टीकाराम अधिकारी, शुरवीर बन्जरा, बलबहादुर राजभाट, खिमबहादुर राजभाट, चक्रपाणि बराल, बिनप्रसाद बराल, कुलदिप बराल, चुर्णमणि बराल, बल बहादुर घर्ती, तुलसीप्रसाद बराल, अधिकारी, चुर्णमणि अधिकारी, टेकप्रसाद त्रिपाठी, प्रेमबहादुर थापा, क्याप्टेन शेरबहादुर गुरुङ, आशबहादुर गुरुङ, बुद्धिबहादुर गुरुङ, डिलबहादुर थापा, शेरबहादुर थापा, दानबहादुर के.सी., लोकनाथ गौतम, विष्णप्रसाद अधिकारी, देवीप्रसाद अधिकरी, शेरबहादुर घर्ती क्षेत्री, बुद्धिराज बराल, लेखनाथका छिमेकी प्रमुख हुनुहुन्थ्यो। वीरबहादुर मानन्धर, रत्नबहादुर मानन्धरको बूढीबजारमा खाजा चिया पसल थियो। बूढेसकालका सबै बुढापाका पिताहरूको त्यही पसलमा चौतर्फीका मित्रहरू भेट भएर मन्थन, मीठासपन विचारहरूको आदानप्रदान हुन्थ्यो। तत्कालका दिन कति रमाइलो र सौहार्द वातावरणले हरियाली फाँट धरती माता मुसुक्क मुसुक्क हाँस्ने थिइन्। घरमा पूजापाठ गर्ने गुरू पुजारी कृष्णप्रसाद अधिकारी, चित्रप्रसाद पौडेल, शशिधर अधिकारी घरमा गएर जजमान गर्नुहुन्थ्यो। परमात्माका असीम कृपाले सामाजिक जीवन प्रभावित हुँदै परिवेशहरू पनि निकटतम बन्दै गयो।

चौरासी पूजा गर्दाको एक झलक

राष्ट्रप्रेमी पिता स्वर्गीय भएपछि सम्पूर्ण जिम्मेवारहरू पिताको (कुलको) जेठो छोरा, भाइ रमेशले नै गर्नुपर्ने भएकाले तोड र लोडहरू खेप्न धेरै ग्राहो भयो । घर संसार नै अँध्यारो भयो । ठूलो छोराछोरीहरूले जति लोड, तोड खेपेका हुन्छन्; सानोले खेपेको हुँदैनन् । वज्रपात घाउ त्यति नै भएपनि लोड हुँदैन । पारिवारिक घर संसार चलाउन धेरै गाह्रो भयो । मुटुमा घाउ वज्रपातहरू खेप्दै, ताप र रापहरूले जल्दै बुवाको भूमिका निभाउन ठूलो भाइ रमेशलाई नै पऱ्यो । त्यो बेलामा देख्ने र पिताको दाहिने, देब्रे हातहरू भनेको नै छोराजस्तै छोरीहरू विन्दु, इन्दु, रमेश, मीरा, इन्दिरा, राजेन्द्र हामीहरू थियौँ । सिनियरको रोलक्रमा माथिकालाई इज्जत र श्रद्धाले झुक्ने हाम्रो धार्मिक संस्कार नैतिक आचरण हो । सत्यतामा आधारित स्मृतिहरू सधैँ मेरो मानसपटलमा पानाहरू पल्टिरहन्छन् ।

मेरो जागिरको अवकाश पछिको दिनहरूमा पिताको जन्म गाउँमा कहिलेकाँही घुम्न गएको अवसरमा, परिचय क्रममा टेकबहादुर रानाभाटको छोरी भनेर सुनाउँदा बुवाको जन्म गाउँका २१ दोपहरेका वासिन्दा पन्डित, देवेन्द्र सुबेदीले बहिनी भनेर बडो श्रद्धाका साथ बसाली सुन्तला खुवाउँदै र प्रेमभावले बुवाको कहानी सुनाउन थाल्नुभयो । उहाँ राजदरवारमा भएको कारणले गर्दा गाउँका भाइ भतिजालाई धेरै नै माथि उकास्नु भएको हो । जन्म गाउँका सबैलाई सहयोग गर्ने भावनाको हुनुहुथ्यो कर्म गरेर खानु पर्दछ । सहयोग गर्ने, कसैलाई निर्चोनु हुँदैन, छलकपट अन्यथा चाप्लुसी गर्ने बानी थिएन । देवतत्व भावना स्वभाव थियो । उहाँले हामीलाई गरेको सहयोग कहिले विर्सन सक्दैनौ । अर्ती उपदेश धेरै दिनुहुन्थ्यो । सुनाउँदै खुशी हुँदै बुवाप्रति कृतज्ञता जाहेर गर्नुभयो । उहाँप्रति हार्दिक धन्यवाद ।

वृद्धकाल र परिनिर्वाण

काम र उमेरले थाकेको Retired अनुभवले पाकेको, व्यवहारले खारिएका व्यक्तिव नै Retired Life हो । उमेर भइन्जेल काम गरेर सूर्य अस्ताएको ओरालो लाग्दै सूर्यको तेम्रो किरण पर्दा जुन मनोहर स्वर्णीम दृश्य देखिन्छ, त्यसैमा बुढेसकालको सन्देश मार्गनिर्देशन गर्ने लुकेर रहेको हुन्छ । जनताको आँसुबाट भिजेका हुन्छन् । गोली लागेर शहीद भएका देशभक्तहरूको आत्मसित एकाकार हुन्छन् । रगतै रगत छादी बाँचेकाहरू, जीवन जिउने, साहस, रणभूमिबाट मूर्छिएर बाँचेको आत्मकथासँग सिर्जनाले सर्वत्र जागरण ल्याउँछन् । विशिष्ट आलोक छर्छन् ।

सिकारुहरूमा सत्प्रेरणा मिलोस्, आत्मविश्वास बढोस् र सृजनालाई टेवा पुगोस् भन्ने हेतुले जीवनका महत्वपूर्ण क्षणहरू बिदाइ गर्दै ज्ञानरूपी किरण सन्ध्याकिरणले चम्काएर देखाउन खोजेको स्वादिष्ट अभियान कृति हो । उहाँको व्यक्तित्व चलायमान, स्वभाव हक्की र निडर स्वावलम्वी विचारले भरि पूर्ण थियो । सफा सुग्घर, स्मार्ट भएर हिँडने, खाँदा र सुत्दाबाहेक जुत्ता कहिले छोडनु भएन । नेपाली टोपी सधैँ शिरमा सुट, पाइन्ट जुत्ता सधैँको पहिरन । कपडाहरू फोहर दाग भएको कहिले लगाउनु भएन । सधैँ छोराछोरीहरूले घेरेर बसेका समय पछि, बूढेसकालमा छोरीहरू पनि घरमा नहुँदा उहाँलाई पीडाले छोयो । नियाम्रो अनुभव गर्नुहुन्थ्यो । मेरा छोरीहरू भनेर सधैँ उहाँको हृदयले पुकारेको हुन्थ्यो, छोरी होइनन् छोरा हुन् भनेर सन्तोष लिने गर्नुहुन्थ्यो । समय समयमा सबै जना छोरी ज्वाइँहरू गएर नियाम्रो मेटाइ दिन्थ्यौँ । खुशी बनाउने सन्तोष दिलाउन हमेशा कोसिस गरी पालो पालै, न्यानो माया काम कर्तव्यमा कमी थिएन । श्रीमतीको निधनले मनमा शान्तिको आभाष किन हुन्थ्यो र ? जलेको आत्मा लिएर कसरी आरामको अनुभव गरूँ ? कति चोटी मुर्छा भएर रूनुपर्छ जति चोटी मर्न खोज्छु, त्यति चोटि घाउ भएर बाँच्नुपर्छ । खडेरीले

सुकिसकेको तलाउको कथा हो । डढेलोले पिल्सिरहेको बुढ्यौलीको व्यथा हो । रणभूमिबाट एउटै जीवन सयौँ चोटि मरिससकेको एउटै निर्जीव सत्यतामा आधारित व्यथा हो । समयको जीवन र मृत्युको सीमा नबाधिने अमरतत्वको जीवनलाई घडी, पला, दिन, रात, बिहान बेलुका, वर्ष, दशक, शताब्दी नामले चिनिने वा तिनका परिणति बुझाउने गतिमय अवस्थाको नामलाई नै समय र जीवन जीवन्त भनिन्छ । यही हो बूढेसकालको समय हिउँभैँ पग्लिन्छ, नदीभैँ प्रवाहित हुन्छ । वायुभैँ बेगवान, कहिले सूर्य भएर आलोकित हुन्छ । कहिले अँध्यारो नै अँध्यारो फैलिदिछ, यसको गति रहस्यमय छ । चक्रवत परिवर्तन भइदिन्छ । यसको प्रत्येक क्षणमा परिवर्तनको चक्र चलिरहन्छ । कुनै परिवर्तन सूक्ष्म हुने हुँदा देखिँदैन । गरेका कर्म, बोकेका भारीहरूले समय आएपछि हिजोको नाङ्गा डाँडाहरूमा, आज फूलेका सुनाखरी, चमेली, लालुपाते र रातको रानी, कस्तुरीको बास्नालेभैँ समाजमा छरिदिएको हुन्छ । मानिसमा कहिले निराशाको बादल मडारीएको हुन्छ त कहिले आशाको सुन्दर झलक । देशलाई आफनो मुटु सम्झने नेपालीहरू, वीरताको गाथा नैतिक गौरवमा पनि उषाले लालिमा छर्ने भन्नै आशाको पिङ्ग खेल्ने सपना बोकेको हुन्छ । त्यसैले आशाको किरणले मान्छेको अन्तर्हृदयमा अँध्यारो पस्न पाउँदैन । एउटा काटेको बृक्षले पनि फेरि हराभरा भएर भुलेको भट्केका बटुवाहरूलाई छाँया प्रदान गर्दथ्यो । क्षीण भएको चन्द्रमाले पुनः गति लिन्छ । समयले धेरै विशिष्ट पुरुषहरू पनि भुल्न बाध्य बनाउँछ । न्यायका पक्षधर विदुर कौरबहरूको बस्तीवाट खेदिएभैँ आफ्नो देशलाई माया गर्ने सन्दर्भमा कति युवा शक्ति आफ्नी आमा, श्रीमती, कलिला सन्तती, बन्धु बान्धवबाट सदाका लागि अलग्गिए । शक्तिशाली राष्ट्र, उत्कृष्ट सभ्यताको गर्व गर्दथे । आज तिनको नामसमेत सुनिँदैन ।

कवि शिरोमणि लेखनाथ पौड्यालले लेखेका एक कविता "कसैको लोकमा छैन एकैनाश समुन्नति" अरूको के कुरा हेर सन्ध्यामा सूर्यको गति"यसको तात्पर्य पिताले सुनाउनुभएको : मानिस धर्तीमा रहँदासम्म प्रगतिपथमा लम्की धैर्य, साहस, शान्ति मनमा छाएर यतिकै बस्छ त्यो जीवन होइन । मानिस धर्तीमा रहँदासम्म प्रगतिपथमा लम्किएर बडो बुद्धिमानी ढङ्गले धीरको धैर्यता नै चलयमान कर्म हो । जीवनको अस्तित्व सम्झने नै र विपत्तिमा पनि

जीवन हाँसो लाग्दो र पीडा क्षणलाई सम्मान सम्झनुपर्दछ । समान भोग राख्दै आफ्नो मन र बुद्धि असल कार्यमा लगाउनु नै सार्थक जीवन हो । वीरताले चालेको सफरहरूमा शिलामा आफ्नो नाम अमर राख्नु जीवनको कर्तव्य हो । हामीहरूसँग जीवनको अन्तिम समयमा बोलेका शब्द छोराछोरी हो सुन, मेरो अन्तिम समय आएको छ, बाँच्दिन होला । मान्छेको जीवनमा एक यस्तो गुण छ; हरहमेशा सुख, दुःख, सफलता, असफलता अनुभव बटुल्नु अथवा माथि बढ्न अवसर आउँछ । जीवन त्यो अवसर छोप्नुपर्दछ, त्यही नै हो जीवन हो । भौतिक सेवा, मानसिक सेवा, आध्यात्मिक सेवा जीवन भइन्जेलसम्म परिवार, समाजमा पस्कने गर्नु त्यसैले त जन्मेको सार्थक हुन्छ । जीवन एउटा सङ्घर्ष हो, गर्न नछोड्नु । सङ्घर्षले गर्दा मृत्यु हुन पनि आनन्द आउँछ । समयलाई बगाउँदै जीवनको घडीको सुई अन्तिममा घुम्दै थियो । आफैले बनाएको घरमा सबै छोरीले मिलिजुली सेवा गरे । दिनपछि घामको ओझेल डाँडामाथि पुग्दै गयो । जीवन अव कसरी विताउने भन्ने चिन्ता र नैराश्यताले छायो ।

छोराजस्तै मनकारी सहयोगी विन्दु दिदीले भन्नुहुन्थ्यो - बुवा ! हामीहरू पनि छोरी दिएर छोरा कमाउनु भएछ । पहिला ६ जना छोराछारी थियौं भने १२ जनाको जोडी हुन्छौं । सहयोग, सान्तवनाको बीउहरू छर्ने गर्नुहुन्थ्यो । ईश्वरी, कुलप्रसाद रानाभाट, बिनप्रसाद बराल, कुलदीप बराल, लीलाधर बराल, रङ्गनाथ तिमिल्सिना, अस्ताम्लेहरू धनपति ढुङ्गाना, रामजी थापा, छिमेकीले सधैं निगरानीमा विशेष आत्मीयता राख्नुहुन्थ्यो । उहाँका मुखमा हरहमेसा मेरा छोरा सबै छोरीहरू हुन भेदभाव थिएन । दीर्घनाथ बराल दाजुसँग सुख, दुःख, र गाउँको अधिकृत भयौ स्याबास् बाबु भनेर भित्री मन खुशीले हृदय रमाउने थियो । अरूले प्रगति गरेको देखेरे अनुहार सधै हँसिलो, रसिलो हुने गर्दथ्यो ।

धर्मपत्नीको मृत्युले सुख शान्ति मिलेन । दिन प्रतिदिन शिथिलता बढ्दै, आत्मबल घट्दै गयो । विशेष गरेर ठूला छोरा रमेश र कान्छा राजेन्द्र हामी सबै छोरीहरू पालैपालो गरेर सेवा गरेका थियौं । अन्तिम जीवनका पाटाहरू जीवनलाई व्यवस्थित गर्दै उत्तरधिकार दुई छोरा रमेश, राजेन्द्र थिए । राजेन्द्रको विवाह भएको थिएन । ढल्किँदो उमेर र विविध कारणहरूले गर्दा उहाँलाई राति एक्कासी कामज्वरो आयो । छोरी ज्वाईंहरूलाई बोलाईदिनु भन्नु भयो ।

हामीहरू सबैजना नजिक नजिक थियौँ, दौडँदै गयौँ ।

गण्डकी अस्पताल पोखरामा भर्ना गरियो । सिटीस्क्यान गर्नुपर्छ भनेर स्क्यान गर्न लैजाँदा खाली खुट्टाले दुई पाइला हिँड्दा मेरा जुत्ता खोई छोरी ! भनेको अन्तिम वाक्य थियो । त्यसपछि बोल्न छोड्नुभयो । अस्पतालमा ५ दिनसम्म भर्ना हुनुभयो । मृत्युशैया पर्खाइमा बोल्न वाक्य फुटेन, आँखाको परिभाषाले पूर्वसभामुख तारा रानाभाटका पिता हाम्रा भिनाजु स्वर्गीय नारानदत्त रानाभाटले अस्पतालमा दुवैजनाले गलामा गला मिलाएर आँखाभरि आँसुको बिदाइ र हृदय विदारक विछोडको घडी नजिक आउँदै गरेको थियो । पिताको आँखामा आँसु आएको मैले कहिले देखेको थिइन !! त्यो बेलामा मात्र उहाँको आंखामा आँसु देखेँ । शरीर शिथिल हुँदै गयो । आँखा मुर्झायो, अन्धकारले छायो अस्पतालमा पालैपालो गरेर बस्ने गरेका थियौँ । ठूलो छोरा रमेश र भाइको छोरा कृष्णको पालोमा अनित्य शरीरलाई यहीँ छाडेर पुण्यकर्म साथ लैजानुपर्ने प्रकृतिको नियम अनुसार वि.सं. २०६० पौष २३ गते बिहानको मिर्मिरेमा ४ बजे ८७ वर्षको उमेरमा कास्की जिल्लाको गण्डकी अस्पतालमा अन्तिम समयको घडी चल्न छोड्यो । उहाँको स्वर्गारोहण भयो । आकाश नै खस्यो !! धरती आकाशै खस्यो । जीवनभरि हामीहरू टुहुरा भयौ !! छायो तुवाँलाले, भयौँ बेसहारा ।

अन्तिम बिदाइ वि.सं. २०६०/९/२३ गते निधन भएको खबर थाहा पाएर जन्मगाउँका दाजुभाइ, कृस्तीका समाज, लेखनाथका, नेपाली शाहीसेना, ठूलो जनसमूह अस्पतालको चौरमा सम्मिलित भए । गीता मन्दिरको नजिकै पार्थिव शरिरको शवयात्रा गर्दै पवित्र सेतीनदी रामघाटमा लगेर अन्तिम बिदाइ भयो । अन्तिम बिदाइमा हामी छोरीलाई जगन्नाथ तिमिल्सिना दाजुले घरमा पुऱ्याइ दिनु भएछ । हामीहरू होसमा आएपछि बल्ल थाहा पायौँ । स्वेदश र विदेशमा सिपाहीहरू थिए होलान् ? हजारौँ छात्रछात्रा होलान् ? उहाँको सानिध्यता हुनेहरूले उहाँको नाम श्रद्धापूर्वक लिने, शिर झुकाउने गर्दछन् । कतिपय कस्केलीको मनमा लेप्टेन टेकबहादुर रानाभाट भन्नासाथ धेरैको मनमा याद आउँछ । वहाँले कास्कीलाई ज्ञानको उज्यालो, धेरैको जीवनमा ज्योति छर्नुभयो । हामी माझ नरहेपनि शैक्षिक योगदान भने कहिले नबिर्सने गरी धेरैको

हृदयमा रहिरहेको छ, पछिसम्म रहनेछ । भविष्य माध्यमिक विद्यालयले पिताले बनाएको घर नै मेरो माइती हो भनी फेरि पिताको स्मृतिले हृदयको कुनाकुनाबाट आँसु रसाउँछ । वहाँको नाममा अक्षयकोषको सुरुआत धेरै थोरै जे भएपनि गरेका छौं । भविष्यमा बढ्दै जाने पूर्ण विश्वास राखेकी छु ।

कुल पुत्रिहरू भगवान, इष्टमित्र र यहाँ समाजका शुभ आशीर्वाद वर्षा कृर्पाले हामीहरू कुशल मङ्गल यस प्रकारका छौं ।

परिवार सङ्ख्या :

१) छोरी ज्वाईं श्री विन्दु, लक्ष्मण कार्की ।
२) छोरी ज्वाईंश्री इन्दु, रानाभाट (बर्मा) (हिमालयन बैंकर, पूर्व कर्मचारी) ज्वाईं इन्जिनियर मिथिलेशकुमार वर्मा) सिंचाइ विभाग अन्तर्गत (सिभिल इन्जिनियर) पूर्व कर्मचारी ।
३) छोरा बुहारी श्री रमेश, राजी रानाभाट ।
४) श्री मीरा, मोतिबहादुर रानाभाट भारतीय सैनिक-पूर्व हवल्दार । २०८१।९।२५६ गते मोतीलाल रानाभाटको अकल्पनीय देहावसान भएर सबैलाई वज्रपात बनायो ।
५) श्री इन्दिरा, माधव केसी । विभिन्न देशमा तालिम गरेर नेपालमा नै व्यापार गर्दैछन् ।
६) कनिष्ट छोरा बुहारी श्री राजेन्द्र सीता रानाभाट ।

पोखरा महानगरपालिका न्यूरोड-९मा रमेश, राजेन्द्र दुई दाजुभाइ मिलेर, होलसेल पूजा सामग्री र फूलमाला धार्मिक पसल गरेका छन । नाति रोशनले आफ्नो बुवाको काम सम्माँलेर होलसेल ठूलो साहुजी बनेको छन् ।

छोरीतर्फ नाति नातिनीहरू

सुविज्ञा, सविना नातिनी ठूली सुविज्ञा नेपालमा MR काम गरेर, अहिले अस्ट्रलियामा जागिर गर्दै छिन् । नाति : सुबोद नातिनी, बुहारी : सुबोध र सवि, अमेरीकाको बैंकमा IT इन्जिनियर छन् । छोरीतर्फ - सुबोल अस्ट्रेलियामा Master Degree पढ्दै र जागिर पनि गर्दैछन् ।

छोरा तर्फ : रोशन रानाभाटका श्रीमती अमेरिकामा जागिर गदैछिन् भने रन्जीता नातिनीले NCLEX RN EXAM, मा सफल भै अमेरिकाको रजिष्टर नर्सको यात्रा तयार गदैछिन् । रित्तिका, रित्तिक, रानाभाट सानै भएकाले मा.वि.पोखरामा पढ्दै छन् । छोरीतर्फ : मनिस रानाभाट Canada मा I.T इन्जिनियर काम गर्दैछन् । नातिनी मनिषाः नेपालको बैंकमा जागिर गरिराखेकि छिन् । नातिनीःनिलिमा Dr. Dental पोखरामा पढ्दै छिन् । सानाहरू :अनुबेग, अनुराग, Hotel Management पढ्दै छन् । माता पितालाई छोरा छोरी नाति नातिनीहरू धेरै जनाको चाहना थियो । उहाँहरूको आशीर्वाद र प्रभू कृपाले सदा सर्वदा अनुपम वर्षाले यतिसम्म स-कुशल छौं ।

गन्डण्की प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.२६ रिठ्ठेपानीमा प्रवेश गर्नेका लागि राजर्मार्ग बाटोको बुढीजार नजिकै माता पिताका स्मृतिमा मिति २०७० सालमा रमेश र राजेन्द्र दुइ भाइले स्थापना निर्माण गेटले गरिमामय शोभा बढेको छ ।

कुलपित्रीहरू भगवान, इष्टमित्र समाज, यहाँहरूका शुभ आशीर्वाद वर्षा कृपाले सबै परिवारहरू स-कुशल यस प्रकारका छौं ।

दुर्गादत्त बन्जरा दिदी, भिनाजुका परिवार: छोरा, छोरी ईश्वरीप्रसाद बन्जरा, कुलप्रसाद, धनुमाया, छनुमायाँ बुहारीहरू नाति, नातिनीहरू ज्वाईहरूमा पित्रीकृपा शुभ आशीर्वाद परिराखेको छ ।

भाइ माइला नरबहादुर रानाभाटका छोरा (क) कृष्ण, झेक. (ख) कृष्ण छोरीहरूः पुतली, कालीमैयाँ, बुहारीहरू नाति, नातिनीहरू बुहारी ज्वाईँहरूप्रति यथावत् परेमेश्वरका असीम कृपा परिराखेको छ ।

बहिनी माहिलीकाः छोराहरू पूर्व एशियाली खेलाडी खड्कबहादुर रानाभाट, पूर्व सह-सचिव रिमबहादुर रानाभाट । छोरीहरूः डा. शारदा र मिठ्ठेदेवी, सबै ज्वाईँहरू नातिनातिनीहरू प्रभुकृपा छ ।

कनिष्ट भाइ चेतबहादुर रानाभाटका परिवार श्रीमती मङ्गली, नैना देवी/छोरी मुनादेवी, छोरा श्रीबहादुर रानाभाट याम, टीका, अर्जुन, तिलक, कृष्ण रानाभाट । पहिला छोरा श्रीबहादुर रानाभाट वाणिज्य बैंकमा पूर्व कर्मचारी पिताहरूको जन्मभूमिको अस्तित्व र चिनारीका पाटाहरूको नेतृत्व गर्नुभएको

छ। पूर्व डी.एस.पी.यामबहादुर रानाभाट (माइला) राष्ट्र जनताका लागि सेवा गर्ने समयमा पहिलाको सेती अहिलेको कर्णाली प्रदेश अछाम जिल्लामा वि.सं.२०५८।५।९ मा कार्यरत रहँदा माओवादी द्वन्द्वको समयमा आफ्नै मातहतका सबै प्रहरीहरूलाई मारेको आँखाले देख्नुपऱ्यो। सबैले वीरगति प्राप्त गरे। सबैको त्यो रणभूमिको गति देख्दा उहाँलाई पीडा र शोक पऱ्यो। सबै गए म वांच्नुको अर्थ रहेन भनेर तुरुन्त जागिरबाट राजीनामा दिनुभयो। राष्ट्रमा भएको दर्दनाक दुख वीरगतिमा परेका धरतीपुत्रहरूको क्षतिले रन्थनियर मुटुको समस्या देखा पऱ्यो। कतिचोटि मरेर पनि बचाउनु, बाँच्नु नै हाम्रो भाग्य हो। अहिलेसम्म भावुक हुनुहुन्छ। एकहोरो सोचमा परेको देखिनुहुन्छ। मन खुल्ला छैन, सुतेर जीवनलाई फ्रस्टेशनको दिन बिताईरहनु भएकोछ। यो दुखद घटनाले इतिहासमा राष्ट्र समाज परिवारले कहिले विर्सन सक्दैनन्। छोरीहरू, राधादेवी, मीना, सरिता ज्वाइँहरू नातिनातिनी,बुहारीहरू सबै भगवान्का कृपामा छौं। छोरो लालबहादुर रानाभाटको भने दैवको खेल, देवी भगवतीको बहान बाघले खाइदिएर ब्रह्मलीन हुनुपऱ्यो। विवाह भएको थिएन ! बाँसको जरा भएको भए मुना पलाउने थियो। परिवारमा हामी सबैलाई एउटै घाउ बनेको छ। कहिले मेटाउन सकिएन, र कहिले मेटिँदैन म भन्दा मुनिको थियो ! उस्को नाममा स्मृर्तिस्वरुप केही गर्न पाए ? अन्तर्आत्माले पुकारीराखेको छ।

विद्यालय संस्थापक उपसेनानी टेकबहादुर रानाभाट एक चिनारी



– रमेश रानाभाट

तत्कालीन पश्चिम ४ नं. नुवाकोट स्याङ्जास्थित कृस्तीनाच्चे चौर, हाल पोखरा २१, भाटगाउँमा बाबु डम्बरसिंह रानाभाट र माता कौशिला रानाभाटको गर्भबाट वि.सं. १९७४ बैशाख १९ गते सोमबार जन्मनुभएका टेकबहादुर रानाभाट आफ्नो जन्मस्थानमा एउटा अविस्मरणीय शैक्षिक व्यक्तित्वका रूपमा परिचित हुनुहुन्छ। तत्कालीन सामाजिक परिवेशअनुसार औपचारिक शिक्षा हासिल गर्न नसक्नु भएका स्व. टेकबहादुरले शैक्षिक समस्या भावी पुस्ताले बेहोर्न नपरोस् भन्ने कुरामा सचेत हुनुहुन्थ्यो । आफू सामान्य मध्यमवर्गीय परिवारमा जन्म लिएका कारण जीवन निर्वाहको माध्यम कृषि नै प्रमुख आय स्रोत थियो ।

कृषि पेशामा जकडिएको समाजबाट मुक्ति पाउनु वि. सं. १९९५ मा घरबाट भागेर नेपाल (तत्कालीन समयमा काठमाडौंलाई मात्र नेपाल भनिन्थ्यो) जानुभयो र नेपाली सेनाको गोरखनाथ गणमा सैनिक जवानको रूपमा भर्ती हुनुभयो । त्यतिबेला ब्यारेक नहुने भएकोले प्राप्त तनखा रू. १२/- (बाह्र) ले सम्पूर्ण आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्न कठिन थियो । यद्यपि टुंडिखेलमा सेनाको बिगुल बजेपछि भेला हुन जानु पर्दथ्यो ।

सोही समयमा उता सन् १९३९-१९४५ सम्म भड्किएको दोस्रो विश्वयुद्धको समयमा अङ्ग्रेज सरकार (British Est India Company) को आह्वानमा तत्कालीन राणा सरकारले अङ्ग्रेज सेनासँग सघाउनको लागि नेपाली सेनालाई पनि जापान र जर्मनी विरुद्धको युद्धमा भारत हुँदै बर्मा (म्यानमार) सम्मको वहाँले युद्धयात्रा अनुभव हासिल गर्नुभएको थियो ।

जीवन जिउने यात्रामा दुई दुईवटा विवाह असफल भएपछि २०१६ मा धादिङ

खानिखोलाका आफ्नै पल्टनका जम्दार भीमबहादुर रानाभाट र ज्ञानु रानाभाटकी छोरी तारादेवी रानाभाटसँग मागी विवाह थियो । जेठी श्रीमतीको असामयिक निधन र जन्मेको एउटा छोराको पनि १४ वर्षको अल्पायुमै मृत्यु भएकोले दोस्रो विवाह गर्नुभयो तर त्यो विवाह पनि सफल हुन नसकेपछि कान्छी श्रीमतीको रूपमा तारादेवी रानाभाटसँग विवाह गरेपछि यहाँको कोखबाट दुई छोरा रमेश रानाभाट,



श्रीः

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादिविविध विरुदावली विराजमान भानोन्नत महेन्द्रभाखा एवं नेपाल प्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्र श्रीपद परम उज्ज्वल कीर्तिमय नेपाल श्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र श्रीरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।

आगे श्री टेकबहादुर राना भाट के यथोचित उप्रान्त शाही रक्षक गोरखबहादुर गणको काम र राजदरबारमा खटाइएको ढकूटोमा राम्रो काम गरे बापत प्रबल गोरखादक्षिणबाहुको मानपदवी लाउनाको अधिकार र तो सम्बन्धी मानमर्यादा श्री हकसमेत बक्सन योग्य ठहऱ्याई सो प्रदान गरिबक्सेका छौं । श्री ईश्वरका अनुग्रहले चिरकाल पर्यन्त सुख आनन्दपूर्वक मातृभूमि र निमकको सोझो चिताई यो इज्जतको उपभोग गर्ने मिजोस् ।

श्री ५ महाराजाधिराजका हुकूमले

पृथ्वीलाधीश

अध्यक्ष
विभूषण समिति

वि.सं. २०२६।२।३०।५

राजेन्द्र रानाभाट र चार छोरीहरू बिन्दु, इन्दु, मीरा, इन्दिराको जन्मभएको थियो ।

वि.सं. २००४ मा तत्कालीन श्री ३ महाराज पद्यमशमशेर जबरा पश्चिम ४ नं. नुवाकोट अड्डा भ्रमण गर्ने क्रममा श्री ३ का आठ पहरियाको रूपमा जन्मस्थानमा आउनुभयो । त्यतिबेला वहाँले श्री ३ महाराजलाई खुसी तुल्याउँनु भएकोले महाराजबाट के माग्छौ माग म दिन्छु भन्ने हुकुमबक्स भएकोले मेरा पिताजीले आफ्नो व्यक्तिगत आकाङ्क्षालाई तिलाञ्जली दिई आफ्नो मातृभूमिमा शिक्षाको उज्यालो छर्ने दृष्टिकोणले एउटा भाषा पाठशालाको विन्ती जाहेर गर्नु भयो । तत्कालीन फासिवादी समयमा पाठशाला माग गर्ने भनेको राणाहरूको विरूद्धको अभियान बुझिन्थ्यो र जस्तोसुकै सजायँ हुनसक्थ्यो । मतलब विन्ती पत्र नै आत्मघाती हुनसक्ने सम्भावना थियो । तर हाम्रो सौभाग्य मान्नु पर्छ कि श्री ३ पद्यमशमशेरद्वारा पाठशाला खोल्न मौखिक हुकुम भयो ।

त्यसको झण्डै एक वर्षपछि पिताजीले श्री ३ सोहनशमशेरका जुनाफमा पुनः खड्गनिशाना पाउन लिखित आग्रह गर्नुभयो तर सोही बमोजिम वि.सं. २००५ कार्तिक ९ गते भाषा पाठशाला खोल्नको लागि लिखित खड्गनिशाना प्राप्त भै हालको भविष्य निर्माण मा.वि. स्थापना भएको हो भन्ने कुरा वहाँले पटक पटक दोहोऱ्याउनु भएको र सोही कुरालाई वर्तमान विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमलकुमार भुजेलकै अगुवाइमा विद्यालयको ऐतिहासिक तथ्य खोजविन गरी पत्ता लगाउनुभयो ।

हाम्रा हजुबुवा डम्बरसिंह रानाभाट श्रीनाथ (नेपाली सेनाको श्रीनाथ गणमा जागिरे भएको कारणले वहाँलाई सबैले श्रीनाथ भन्न थाले) सामाजिक तथा आर्थिक रूपमा सम्पन्न नै भएकोले परिवारका आधारभूत आवश्यकताको परि पूर्तिमा खासै समस्या थिएन । हजुरबुवाको आफ्ना छोराहरूलाई पढाउनु पर्दछ भन्ने भावना भएकोले घरैमा गुरु राखेर अध्ययन अध्यापनको व्यवस्था गर्नुभएकोले हाम्रो बाबा सामान्य लेखपढ गर्न सक्षम भैसक्नु भएको थियो । सोही जागिरको सिलसिलामा २०२१ माघ १४ गते उपसेनानीमा बढुवा हुनुभन्दा अगाडि नै फस्ट क्लास (एस.एल.सी. वा सो सरह) को अध्ययन पूरा गरिसक्नु भएको थियो । सैनिक जवानमा प्रवेश गर्नुभएका बाबा सो-अध्ययन र आफूमा अन्तर्निहित क्षमताले उपसेनानी अर्थात् लेफ्टिनेन्ट दर्जामा रही ३२ वर्षसम्म गोरखनाथ गण

राजदरबारको पल्टनमा सेवा गर्नु भएको थियो ।

बाबाले आफ्नो सेवा अवधिमा उत्कृष्ट कार्य गर्नुभएकोले २०२६ सालमा तत्कालीन राजा श्री ५ महेन्द्रबाट प्रबल गोरखा दक्षिणबाहु, त्रिशक्ति पट्ट, दीर्घ सेवापदक, अङ्ग्रेज सरकारबाट GEORGIUS VI: D:G: MN: REX F:D: IND: IMP, बर्मा सरकारबाट BURMASTAR प्राप्त गर्नुभएको र २०२६ मा उपसेनानी पदबाट सेवा निवृत्त हुनभएको थियो ।

सेवा निवृत्त हुनु अघि नै बाबाले तेजारत सापटी लिएर २०२६ सालमा नै साविक अर्घौं गाउँ पञ्चायत हालको पोखरा २६ सक्नेरी, कास्कीमा जग्गा खरिद गरी वि.सं. २०२८ मा आवास निर्माण गरी बसोबास गर्न थाल्नु भयो जहाँ आज पनि हामी सबै बस्दै आइरहेका छौं । त्यसपछि हामी बसाइ सरेपछि भने त्यताको सम्बन्ध विच्छेद भयो र सामाजिक जीवन प्रभावित बन्यो । त्यसपछिको दिहरूमा भने सामाजिक कार्यमा त्यति सक्रिय नभए पनि लेखनाथ २६ सक्नेरीमा अवस्थित श्री रामज्योती मा.वि.मा श्रमदानसहित केही आर्थिक सहयोग गर्नुभयो । आमाको रोगको कारण २०५६ सालमा नै असामयिक निधन भयो । त्यसपछि भने बुबाको आत्मबल कमजोर बन्यो, शिथिलता बढ्यो जसको फलस्वरूप २०६० पौष २३ गते ८७ वर्षको उमेरमा एउटा शैक्षिक सामाजिक व्यक्तित्वको स्वर्गारोहण भयो ।

पोखरा-२६, कास्की

साभार :श्री भविष्य निर्माण मा.वि. स्मारिका- २०७९

समाजका मार्गनिर्देशक

– प्रा. डा. टंकराज अधिकारी

पोखरा महानगरपालिका व.डां.नं.२१ रानीपौवा निवासी शिक्षा प्रेमी, सामाजिक व्यक्तित्व, हिमालयन बैंकको पूर्व कर्मचारी, कुशल, सालीन एवम् मेहनती मेरा चिरपरिचीत आदरणीय ज्वाइँ इन्जिनियर मिथिलेस कुमार बर्माकी श्रीमती सरल स्वभावकी बहिनी इन्दु रानाभाट (बर्मा) ले आफ्नो पिता उपसेनानी स्व.टेकबहादुर रानाभाटको जीवनी समेटने गरी पुस्तक प्रकाशन गर्ने लाग्नु भएको जानकारी पाउँदा अत्यन्तै खुशी हुदै हार्द्धीक बधाई ज्ञापन गर्दछु।

लेफ्टिनेन्ट स्व.टेकबहादुर रानाभाट तत्तकालीन पश्च्यिम ४ नं.नुवाकोट स्याङ्जा स्थित कृस्ती नाच्चेचौर, हाल पोखरा २१ भाटगाउँका पिता डम्बरसिंह रानाभाट र माता कौशल्या रानाभाटको गर्भबाट वि.सं. १९७४ वैशाख १९ गते सोमवार जन्मनुभएका कृषक परिवारका एक सदस्य हुनुहुन्थ्यो। कृषि पेशामा जखडिएको समाजलाई मुक्ति दिलाउने उद्देश्यले वि.सं.१९९२ मा घरबाट वाहिरिएर, नेपाल, काठमाडौं पुग्नुभयो। वि.सं. १९९२ सालमा नेपाली सेनाको सैनिक जवानमा भर्ती हुनुभएको थियो। तत्कालीन राणा सरकारको पालामा नेपाली सेनाको सिपाहीको रूपमा जापान र जर्मनीको विश्वयुद्धमा भाग लिन जानुभएको थियो। विश्वयुद्धबाट फर्की द्वन्द्वकाल, राणाशासनमा जन्मगाउँमा भाषा पाठशाला श्री ३ पद्यमशमशेरलाई मौखिक माग र एक वर्षपछि पून : वि.सं २००५।०७।०९ विद्यालयको माग गरी मोहन शमशेरलाई चढाएको लिखितपत्रमा खड्क निशाना स्विकृत भई बैधानिकताले मान्यता पायो। पोखरा २१ मा श्री भविष्य निर्माण माध्यामिक विद्यालय स्थापना टेकबहादुर रानाभाटको लिखितपत्रले स्थापना

भएको हो भनी पूर्व अध्यक्ष कमल कुमारले सत्य तथ्य जानकारीले धेरै खुशी लागेको छ। सत्यतथ्य पत्ता लगाउन सहयोग गर्ने सबैलाई बधाई तथा उच्च सम्मान छ।

टेकबहादुर रानाभाटले राष्ट्रको सेवा अवधिमा उत्कृष्ट काम गर्नुभई देश, विदेशवाट विभिन्न पदले विभूषित हुनुभएको थियो। शिक्षा, विभिन्न कार्यसम्पादन उत्कृष्ट कामले उपसेनानी पद हासिल गरि रिटार्यड हुनुभएको थियो।

उहाँले ४२ वर्षको उमेरमा काठमाडौ निवासि तारादेवी रानाभाट संग पूनः विवाह गरी दुइ छोरा रमेश, राजिन्द्र ४ छोरी बिन्दु ,इन्दु, मिरा, इन्दिराका जन्मजायजले संन्तोषको अनुभूति गरायो। वि.सं. २०२६ सालमा सेवाबाट अवकास भएपछि २०२६ सालमा लेखनाथ २६ मा जग्गा किनेर घर बनाई बस्न थाल्नुभयो। घरवाट नजिकै विद्यालय श्री भवानी कालीका रामज्योति विद्यालयमा निस्वार्थभावले सेवा गरी समाजलाई गति निर्देशनको गोरेटो लगाउनुभएको थियो। सैनिक जीवनीका सुख, दुख राणाकालको शासन, सैनिक जीवनमा आँखाबाट रसाएको आँसुको उच्च मुल्याङ्कन गर्दै आफ्नो पिताजीले श्री भविष्य निर्माण माध्यमिक विद्यालयमा संस्थापक अध्यक्ष रहनुभएकोले पिताजीको जीवनीमा आधारित अग्रज समाजसेवी, 'सेनाको आँसुले झल्किएको खुशी' पुस्तक नामले विद्यालयको वार्षिकउत्सवको समयमा विमोचन गर्ने सोच राख्नुभएकोमा बहिनी इन्दुप्रति आभार व्यक्त गर्दै पुनः पुर्खा, समाजलाई देखाएको सद्भावनालाई आत्मसात गर्दै हार्दिक बधाई ज्ञापन गर्दछु। साथै मलाई पनि शुभकामना मन्तव्य राख्ने अवसर दिनुभएकोमा हाद्धिक धन्यवाद दिन चाहान्छु। बहिनीले पिताको कृति राख्ने पोखरा २१ वाट पहिला व्यक्ति हुनुहुन्छ,अव आउने भविष्यले सबै समाजलाई अझ थप प्रेरणाले माथि पुगोस् भनी उहाँको उज्वल भविष्यको उत्तरत्तोर प्रगतिको शुभकामना छ।

पृथ्वीनारायण क्याम्पस, पोखरा
निवास : पोखरा -१७ छोरेपाटन

कृस्ती नाच्नेचौरको परिचय

पोखरा महानगरपालिका वडा नं.२१ कृस्ती नाच्नेचौर कास्की जिल्लाको दक्षिण भूभागमा पर्ने पोखरा छोरेपाटन १७ सिद्धार्थ राजमार्गदेखि मुखैमा गुप्तेश्वर मन्दिरबाट लगभग ८ कि.मि.को दूरीमा नाच्नेचौर पर्दछ। करिब १६०० मिटरसम्मको उचाइमा रहेको साविक पोखराको दक्षिणतर्फ पर्ने यो वडा सिद्धार्थ राजमार्गसँग जोडिएको मान्न सकिन्छ। सेतीनदी र सुरौदी खोलाको बीचमा पर्ने यो वडालाई नयाँ गन्तव्य पर्यटनस्थलमा लिन सकिन्छ। पञ्चायती व्यवस्थाको पूर्वार्द्धमा पश्चिम ४ नं. कृस्ति गाउँ पञ्चायत, नाच्नेचौर स्याङ्जा जिल्ला थियो। वि.स. २०३२ सालमा कास्की जिल्लामा गाभियो। बहुदलीय व्यवस्था वि.सं. २०४६ पुनर्स्थापना भएपछि पोखरा महानगरपालिका वडा नं.२१ रहन गयो। जिल्लाका स्थानीय तहहरू विभिन्न ठाउँको नामकरणमा परिर्वतन भएता

पनि यस ठाउँको नाम याथावत नै छ । यथावत हुनुको मुख्य कारण श्री भविष्य निर्माण माध्यमिक विद्यालय भएको स्थानमा, घरदैलो पोत्नको लागि माटो खन्ने मट्किलो बनेको थियो । माटो खन्दाखन्दै फराकिलो चौर बन्न पुग्यो । तिजको बेलामा दिदीबहिनीहरूले गीतको माध्यमबाट मनको वह, बिलौना र दुख पोख्ने, नाच्ने, गाउने, भेला हुने अनुकूल पर्ने ठाउँ थियो । सोही ठाउँलाई किम्वदन्तीमा नाच्नेचौरले प्रख्यात छ । सोही ठाउँमा श्री भविष्य निर्माण माध्यमिक विद्यालय स्थापित भएको हो । विद्यालयको पश्चिमतिर पाँच मिनेट तल झरेपछि पिताको जन्म घर अहिले पनि देख्न सकिन्छ । यसै सेरोफेरोको नजिकै दोपहरेमा सुन्तला खेती लोकप्रिय बनेको छ ।

नेपालको परिप्रेक्ष्यमा यो समशितोष्ण हावापानी, सामुद्रिक सतहदेखि ९०० मिटरदेखि १४०० मिटरसम्म र उत्तर, दक्षिण फर्केको चिस्यान खुकुलो भएको दोमट माटोमा सुन्तला फल्ने अनुकूल हावापानी भएको हुँदा यहाँ सुन्तला प्रशस्त छन् । घर घरमा लाख, लाखका सुन्तला बिक्री वितरण गरेको पाइन्छ । बाटोभरी सुनाखरी, लालपाते गुराँस, फूलहरू फूलेको र विभिन्न जातका सुन्तला पहेँलै लटरम्म फलेको देख्दा बाटोमा हिँड्दा मन लोभ्याउँछ । ठाउँ-ठाउँमा बर र पीपलको शीतल चौतारी, पिचरोडको नयाँ बाटोमा मनकामना मन्दिरले पोखरालाई तथास्तु वरदान बोध गराउँछ । यहाँका उद्यमी लगनशील युवा युवती कृषिमा आधारित उपकरणहरू उपलब्ध गराइ, बैदेशिक तालिम गराइ सीपले सुन्तला अझै फलाए भने अहिलेको मागले विश्वमा नै सुन्तला लोकप्रिय मानिनेछ । सुन्तला बहुउपयोगी फल हो । कुनै पनि भाग खेर जाँदैन । यसमा कार्बोहाइड्रेट भिटामिन प्रोटिन, एन्टीअक्सीडेन्ट, लेमिनेटजस्ता तत्व पर्याप्त मात्रामा पाइन्छ । सुन्तला यस्तो गुणकारी स्वादष्टि फल हो । जस्को बर्णन र चर्चा जति गरेपनि सकिँदैन । विभिन्न व्यक्ति, समाजलाई मनपर्ने फलको राजा भएको हुदाँ यो फलले विश्व चिनाउने बिश्वास लिएकी छु ।

वि.सं. २०३२ मा तत्कालीन स्याङ्जा जिल्लाको सदरमुकाम नुवाकोट थियो । स्याङ्जा बजार हालको सदरमुकाम कायम भएपछि कृस्तीका बासिन्दाहरूलाई ओहोर, दोहोर गर्ने कठिनाई भएकोले यसलाई कास्की जिल्लामा समावेश गरिएको हो । २०६२/०६३ मा राजनीति परिवर्तन भएपछि

पक्की गाडी बाटो, घाटो बनेता पनि त्यति विकास र चहलपहल हुन सकेको छैन । यस्लाई राम्ररी नियालेर हेर्दा सुन्दर पहाड, हरीयाली र वीरता, गर्भिलो इतिहास बोकेको ठाउँ हो । नजिकै मट्टिखान, त्यहाँबाट हेर्दा पोखराको दृष्य त्यति नै सुन्दर देखिन्छ। आठ (८) हजारभन्दा माथि उचाइमा भएको उत्तरतर्फ चाँदीजस्ता चम्कने हिमालहरू, धौलागिरि, गणेश हिमाल, विश्वस्तुपा र फेदीमा फेवातालले टलपल हाँस्दै गरी हिमाललाई काखमा लिएको, लेक, दक्षिणतर्फ स-साना हरीयालीका टापुहरू, गाउँबस्तीहरू र संस्कृतिहरू देखिने विभिन्न ठाउँहरूमा बर र पीपल विष्णु भगवान्ले शयन गरेको शीतल चौतारीहरूले मन्त्रमुग्ध बनाउँछ । बिरौटा, छोरेपाटन, कुभिन्डे, साल्मेडाँडा, मट्टिखान टावर, शिवदुङ्गा बाघको खोर, थामाको डाँडा, स्यार्तुङ, रातामाटा पोखेलथोक, कोटकालिका, मैदान कोट, डाडाँको पोखरी, भ्युटावर, शान्ति उदय, बाघमारा, मनिलडाँडा, कोत्रे, पृथ्वीचोक, कुभिन्डे, बिरौटा, छोरेपाटन चौतर्फी देखिन्छ । यहाँका आम मानिसहरू र पूर्खाहरूको पेशा व्यवसाय कृषि र पशुपालन नै रहेको छ ।

कृषि खेतीवालीको लागि गाउँभन्दा मुनि गामखेत, सिन्केटारी, सुरौदी, माउसुली, रातमाटे, कात्तिके, धुलेगौडा, नाम्टी खामपुर भन्नै ठाउँमा घाँस दाउरा काट्ने ठाउँ हुन् । पिँडालु, हलेदो, मास, घैया, कोदो मकै वाली लगाउने चलन थियो र छ। गाईभैसी र भेडा, बाख्रा पालिन्छ। सेना, प्रहरीमा जागिर खाने, कोही भारती सेनामा भर्ती भएर जीवन निर्वाह गर्ने गरेका छन् । उहाँको भाइ बन्धुहरू र दिदिबहिनीहरू तनहुँको औंसे चितावन, भरतपुर, माडी, देवेन्द्रपुर, रुपन्देही गङ्गानगर, पोखराको बाघमारा, अर्घौं, घारीपाटन, छोरेपाटन, कन्धनीडाँडा, स्याङ्जा रुपन्देही काठमाडौमा छरिएर बसेको छन् । गाउँमा उकालो ओरोलो, घरमा घास, दाउरा गरेरमात्र हुँदैन । यति कामले मात्र समाजले गति लिँदैन । गरीबीबाट छुट्कारा पाँउनको लागी राम्रो कर्म गरेर देखाउनु पर्दछ । सुनौलो सपना र आकाङ्क्षा, भविष्यमा प्रकाशको गोरेटो बनाउने मीठो कल्पना गरी घरवाट निस्कने मनस्थिति बनाउनुभयो । बुवा, मुमालाई सोधेर निस्किउँ भने पहिलो पुत्ररत्न जान दिनुहुँदैन । उहाँले त्यो किसिमको सोच बनाउनुभएको थियो ।

व्यक्ति एक विचार अनेक अनेक

बुबालाई सम्झँदा

पिताजीलाई सम्झिने मेरो जिन्दगीको दैनिकी हो । आँखाबाट आँसु बगाउनु गुमाउनुको पीडा हो । मेरो जिन्दगीमा आकाश थेचारिएको कालो दिन थियो । प्रायः दिन मेरो आँखामा आँसु रसाउन सुरु गर्दछ । प्रकृतिसँग केही लाग्दैन, हजुरको अनुपस्थितिमा मेरो लागि नितान्त रित्तो, खल्लो, नियाम्रो, उजाड, तुवाँलो सधैँ सधैँको लागि । समाज, परिवारमा आ-आफ्नो ठाउँमा सबैलाई हजुरको अभाव छ । सबैभन्दा बढी त मलाई नै छ । किनकी म कान्छी भएकीले सबैभन्दा बुवा मुवा सबैको प्यारी थिए । माता पिताजी, आफूभन्दा माथिका सँग सिकेको प्रेरणा जोस, जाँगर, ऊर्जा मेरो जीवनमा सधै सत्मार्गी बनेको छ । रुँदै, दौडँदै घर पुग्दा सधैँ बुबा मुमा भनेर बोलाउने पुकार्ने गह्रुँगो शब्दबाट वन्चित भएको दुई दशकभन्दा बढी भइसकेको छ । मलाई कुनै चाडबाड रमाइलो होला र पिताजीविनाको दशैँ विभिन्न चाडबाड ? प्रक्रिया मात्र भएको छ । पिताजीको भौतिक शरीर हामीबाट टाढा भएपनि हृदयमा सधैँ आर्शीवाद दिँदै नियाल्नु नै पिताजीका स्मृतिका छालहरू भूगोलभरि भरिएको मन मस्तिष्कको पानाबाट श्रद्धाञ्जली अर्पण गर्दछु ।

हजुरको प्यारी कान्छी छोरी
इन्दिरा रानाभाट के. सी.
हिमालीटोल - १७, पोखरा ।

हजुरबुबाप्रति श्रद्धासुमन

हजुरबुबाको न्यानो स्पर्श चोखो माया र दरिलो साथबाट हामी वञ्चित भएको दुइ दशकभन्दा बढी भइसकेको छ । पहिलो नातिनी भएकाले खुशीको पलले मलाई सकारात्मक सोच प्रदान गर्ने सही मार्गमा हिँड्न सिकाउने, बोलीमा दम भएको, साहसिलो निडर व्यक्ति हुनुहुन्थ्यो । शिक्षित हुनु जागिर खानु पर्दछ। कहिले कोहीमाथि विचरी हुन नपरोस्, समाज, परिवारमा सक्षम व्यक्ति हुनुपर्दछ भनी दरो भिटामिन पिलाउनुहुन्थ्यो । मामली हजुरबुबाले दिएको सुझावलाई निरन्तर मनमस्तिकमा राखेर अघि बढ्ने प्रण गर्दछौं ।

उपसेनानी मावली हजरबुवा र फूलबारी १२ का असइ स्व. मानबहादुर कार्की दुवै हजुरबुवाहरू जागिरे र सम्धी सम्धी भएको कारणले कुरा मिल्ने र आत्मीयता प्रगाढ थियो। नबिराउनु नडराउनु, सबैसँग निस्वार्थ भावले हिँडनुपर्दछ भनी श्रवण पिलाउनुहुन्थ्यो । दीन दुःखीलाई केही समस्या परेमा समाधान र सहयोग गर्नुहुन्थ्यो। हरेक काम गर्दा दह्रो मुटु हिक्मत चाहिन्छ भनेर हजुरबुबाले सुनाएको सधै ताजा छ । सानो ठूलो नभनी, आफ्नो अर्को नसोची निस्वार्थ भावले सकी नसकी सहयोग गर्न अघि बढ्नुहुन्थ्यो। आज त्यो साहस उपदेशले राष्ट्र सेवक, सामाजिक व्यक्तित्व हजुरबुबालाई गुमाउँदाको पीडा मन मस्तिकमा गह्रौं व्यक्ति हामीहरूले गुमाएका छौं । श्री भविष्य माध्यमिक विद्यालयले खुशी थपिदिएको छ। हजुरबुवाप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

ठूली नातिनी: सुविज्ञा कार्की (थपलिया)
हाल : अष्ट्रेलियाबाट

हजुरबुबाप्रति श्रद्धासुमन



उपसेनानी हजुरबुबा टेकबहादुर रानाभाटले सुन्दरताले जीवन जिउनु भएको थियो । आत्मा जिउँदो छ, अमर छ कहिले मर्दैन । पार्थिव शरिर गएपनि ज्युँदो भएर बाँच्नुभएको छ । मान्छे जीवन प्रशंसा गरौँ, जीवन सपना हो, महसुस गरौं, जीवन अवसर हो, सदपयोग गरौ, जीवन चुनौती हो ; सामना गरौँ, जीवन कर्तव्य हो पूरा गरौं, जीवन, सङ्घर्ष हो स्वीकार गरौं । मदर टेरेशाको भनाइलाई आधार मानेर हेर्दा स्वर्गीय हजुरबुवा टेकबहादुर रानाभाटले जीवनलाई सुन्दरता गहनाले सजाएर चुनौती कर्तव्य र सङ्घर्षको रूपमा प्रशंसा सामना र मर्यादित रूपमा जीवन सुनौलो अवसर मानेर कयौँ शिशिर, वसन्तको नागवेली अनुभव अनुभूतिको सफल जीवन जीउनु भएको थियो । जन्मिनुमात्र जीवन प्राप्ति होइन, जन्मेर कस्तो यात्रा तय भयो त कसरी सफर भयो ? हिसावमा पोजिटिभ वा नेगेटीभ ? पोजेटीभ अंक बढी आयो भने पूरै सार्थक जीवनको घोषित गरिन्छ। आँटीले गरेका प्रयासले सबैलाई जीवन्त रहने छ भनी शुभकामना व्यक्त गर्दछु।

श्री भविष्य निर्माण माध्यमिक विद्यालयको २०७९ स्मारिकामा कक्षा ९ मा पढने कृष कार्को नानुले लेखेको भावपूर्ण कवितामा "**नेपाली सेना**" शिर्षकमा हृदयस्पर्शी शव्दहरू लेखेकी रहिछन् । देशका लागि हाँसीहाँसी ज्यान दिने वीर तिमी, हामी सबै देशवासी छौँ तिम्रो ऋणी, घामपानी नभनी गछौ तिमी देशको रक्षा, निस्वार्थ छौ तिमी छैन केही आकाङ्क्षा । सस्मानामा बसेर गछौं रक्षा तिमी, त्यसैले त घरमा सुरक्षित छौ हामी । थाहा छैन काँहा कहिले मर्ने त्यही पनि एउटै लक्ष्य देशको रक्षा गर्ने । फैलाउँदै शान्ति विश्वभर जान्छौ तिमी, त्यसैले

चिनिन्छौं । शुरवीर भनी हामी, परिवारसँगै छुट्टिई एक्लै तिमी बस्छौ । ज्यानको बदलामा हातमा तलव बुझ्छौं । चाहान्छु म पनि तिमी जस्तै बन्न तयार हुनेछु, म देशको लागि मर्ने ।

पोखरा २१ ठूलाचौर (खत्रीगाउँ)का इन्द्रबहादुर खत्रीको भविष्य निर्माण किताबमा लेखेको सान्दर्भिक मीठो कविता प्रस्तुतिमा-भविष्य निर्माण मेरो आस्था केन्द्र । जसको विकास निर्माणमा खट्छ सधैं म इन्द्र । जीवनमा उच्च ज्ञान पाएँ मैले अघि । त्यसैले म श्रद्धा गर्छु हात जोडी नुघि ।। कर्म कर्तव्यमा लाग्न आत्मविश्वास लिन । समाजको सेवा गर्न सत्य पथमा हिँड्न । अर्ती, ज्ञान उपदेश पाएँ जसबाट । साँच्चै सत्य कर्म गर्न आएको छ आँट ।। इमान्दार बनेको छ कर्मवादी म छु । भोक, नाङ्गा गरिबको उद्धारमा म छु । सो भेकलाई नयाँ नौलो दिने विद्यालय । कामना यै गर्छु होस जय ।।

इच्छा कुँवर कक्षा १० का बहिनीले लेखेको मेरो बाबा कवितामा मन छोएकोले फेरी पस्कन मन लाग्यो ।-

धर्ती मेरो आमा आकाश, मेरो बाबा,
बाबा तिमीले लगाएको गुनको व्याज तिरौं कि साँवा,
हामीले गलत काम गर्दा सम्झाई बुझाई गर्ने,
दुखको आँसु लुकाइ सबैको अघि हाँस्दै हिड्ने
पीर भएपछि यो मन सधैं रुन्छ,
बाबा बिनाको यो जिन्दगी सधैं अध्याँरो हुन्छ ।
आउनु बाबा व्यवसाय गरी बसौं हाम्रै गाउँमा,
बाबा तिमीलाई गाह्रो होला परदेशको ठाउँमा ।
जिन्दगीमा बाबाकै छ भर,
बाबा भएर, बनेको छ हाम्रो घर ।
बाबा तिम्रो सम्झना साह्रै नि लाग्छ नि,
सानैबाट हुर्काउनु भयो राम्रो शिक्षा दिई,
साथमा हिँड्दा सँगै छ मेरो छाँया,
सबैभन्दा धेरै मेरो बाबालाई मायां ।
यो भनाइले बावाको सर्मपित मायामा चुर्लुम्म डुबेको छ ।

जेष्ठ नागरिक लगभग ९५ बर्षका पोखरा रानीपौवा ११ का भीमप्रसाद कोइरालाले शुभकामना दिएको पढेर, विभिन्न व्यक्तिहरूका शुभकामनाले पोजेटिभ भाईब्रेशन भएको हामी सबैको प्रेरणाको प्रतीक हो । लेखनाथका उपसेनानी टेकबहादुर रानाभाटजस्ता वजनदार व्यक्तिको बसोवासले हाम्रो लेखनाथ कास्की जिल्लाको छवि बढेको छ भनेर बारम्वार लोकनाथ गौतम, रामप्रशाद गौतमले भन्ने गर्नुहुन्थ्यो । उहाँहरूप्रति श्रद्धा धन्यवाद टक्रयाउँछु ।

ठूलो नाति : सुवोद कार्की
Information Technology Engineer
हाल : ***USA***

हजुरबुबाप्रति श्रद्धासुमन

उपसेनानी हजुरबुबा उज्ज्वल आत्मा एकाकार परमात्मा सङ्घर्षका प्रतिभूतिका सबैमा भरोसाको अनुभूति त्यागप्रति सम्झन्छु कोटिकोटि नमन । सबैका परिवर्तनका संवाहक ख्याति हजुरको अनन्तसम्म वेथितिसँग डटेर लड्नुभयो, अनुग्रही त छौं । दिन दुःखी प्रतिको सद्भाव केहि गर्नुपर्दछ भन्ने हजुरबाबाको स्वाभाव एउटा युगको सृजना गर्नूभयो, उसै देवत्व व्यक्तित्वको जवाफ विशाल हृदय शीतलता अपार छहारीमा खड्कन्छ । बारम्वार अव खोज्न प्रतिविम्व, कृति उपहारले धर्तीमा जन्मेर सार्थक पार्न सकूँ अमूल्य यो चोला परमपिताका आशीर्वाद रहिरहोस् दिव्य जीवनलीला हाम्रो मन मस्तिकमा रहने छ । प्रेरणाका प्रतिमूर्तिका लगाव ।

सुश्रीः मनिसा रानाभाट
ज्योति विकास बैंक, पोखरा - ९, न्यूरोड ।

श्रद्धासुमन



उपसेनानी हजुरबुवा टेकबहादुर रानाभाटले जीवनकालमा समन्वयात्मक भूमिका र ठुलोलाई कदर र सम्मान गर्ने सानोलाई माया लगाव लगाउने सबैका लागि सहज र सरल व्यक्तिको रूपमा पहिचान र परिचय बनाउनु भएको थियो। हजरबुवा भौतिक जीवन पश्चात पनि हुर्केको समाज र उहाँलाई बुझने, जान्ने मानिसको मानसपटलमा ताजै रहेका छन्। भौतिक शरीर नरहेपनि आफ्नो जीवनकालमा राष्ट्र, समाज, जन्म ठाउँ मातृशक्ति भूमिमा गरेका योगदान र समर्पण इतिहासका रुपमा अमर रहन्छन्। जीवनकालमा क्षमता, पहुँच र हैसियतले भ्याएसम्म जीवन्तहरूले सम्झने सामाजिक, पारिवारिक शैक्षिक एवंम विकास निर्माणको क्षेत्रमा कदरयोग्य योगदान रहेको छ।

उहाँले गरेका कृति समर्पण कति गर्नु भयो, कोही ओइलाएर गए, कोही फुल खेलेर झरे, कोही फूल खेल्दै छन्। मान्यता हुनेहरूले ईट्टा थपे चुलिएर जान्छन्। भोलिका दिनहरूमा शिक्षा र प्रेरणा पाएका छौं। जुन सबैका लागि स्तुल्य छ र अनुकरणीय हुनेछ। ठूलो ममीले गरेको यो कृतिले युगौंसम्म लगाव लगाउने छ भनी शुभकामना व्यक्त गर्दछु।

नाति : मनिष रानाभाट

Information Technology Engineer **हाल : *Canada***

हार्दिक शुभकामना

श्री भविष्य निर्माण मा.वि. पोखरा-२१, कास्कीको ७६ औँ वार्षिको त्सव एवम् स्थापना दिवसको अवसरमा विद्यालयका संस्थापक पिता ले फ्टिनेन्ट टेकबहादुर रानाभाटको जीवनीबारे पोखरा-११, रानीपौवा निवासी पूर्व बैंकर प्यारी बहिनी इन्दु रानाभाट (बर्मा)ले पुस्तक प्रकाशन लाग्नुभएकोमा प्रकाशनको सफलता एवम् पुस्तकले थप प्रेरणा मिलोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै विविध कार्यक्रमसहित विमोचन हुन गइरहेकोले विद्यालयको शैक्षिक, भौतिक तथा सामाजिक विकासको उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु ।

प्रो. श्रीकृष्ण घिमिरे

श्रीकृष्ण ज्वेलरिज

SHREEKRISHNA JEWELLERIES

पोखरा-९,न्यूरोड

फोन : ९८५४३६६६, ९८४६०५९९२३, ९८५६०००५४१

हार्दिक शुभकामना

श्री भविष्य निर्माण मा.वि. पोखरा-२१, कास्कीको ७६ औँ वार्षिको त्सव एवम् स्थापना दिवसको अवसरमा विद्यालयका संस्थापक पिता लेफ्टिनेन्ट टेकबहादुर रानाभाटको जीवनीबारे पोखरा-११, रानीपौवा निवासी पूर्व बैंकर प्यारी बहिनी इन्दु रानाभाट (बर्मा)ले पुस्तक प्रकाशन लाग्नुभएकोमा प्रकाशनको सफलता एवम् पुस्तकले थप प्रेरणा मिलोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै विविध कार्यक्रमसहित विमोचन हुन गइरहेकोले विद्यालयको शैक्षिक, भौतिक तथा सामाजिक विकासको उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु ।

प्रो. रामबहादुर अधिकारी

ज्योति एण्ड जोनिसा इम्पोरियम

पोखरा-५, न्युरोड (माछापुच्छे बैंकको अगाडि)

फोन नं.: ५८४६१४१०५८

हार्दिक शुभकामना

अग्रज समाजसवी, शिक्षासेवी उपसेनानी
टेकबहादुर रानाभाटको जीवनीपुस्तक
प्रकाशन गर्नुभएकोमा लेखिका
इन्दु रानाभाट बर्मालाई
हार्दिक शुभकामना
एवम् बधाई !

मञ्जु गुरुङ
उपप्रमुख

पोखरा महानगरपालिकाको कार्यालय
पोखरा